का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ असार २०८२,
बिहीबार
10 July, 2025
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १५८ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



# समर्थन फिर्ता लिन उपेन्द्रको आनाकानी

## मधेशी मोर्चामा खटपट सुरु

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २५ असार ।

केपी ओली नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिने जनता समाजवादी पार्टी (जसपा) नेपालको कार्यकारिणी समितिको बैठकले गरेको निर्णय अलपत्र परेको छ ।

७ र ८ असारमा बसेको जसपा नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठकले ओली नेतृत्वको सरकार पूर्णतः असफल भएको निष्कर्ष निकाल्दै समर्थन फिर्ता लिएको थियो । तर त्यसबारे औपचारिक निर्णय गर्ने जिम्मा संसदीय दललाई दिएको छ ।

कार्यकारिणी समितिको बैठकले निर्देशन दिएपछि संसदीय दलको बैठक ३/४ पटक बसिसकेको छ । तर, संसदीय दलले सरकारलाई दिएको समर्थन फिर्ता लिनेबारे अहिलेसम्म निर्णय गर्न सकेको छैन ।

जसपा नेपालले लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन भने फिर्ता लिइसकेको छ । संघ सरकार पनि असफल भएको निष्कर्ष निकाल्दै समर्थन फिर्ता लिने भने पनि औपचारिक निर्णय गरेको छैन । समर्थन फिर्ता लिन निर्णय गर्न बुधबार बसेको संसदीय दलको बैठकले पनि निर्णय गर्न सकेन् । समर्थन फिर्ता पृष्ठ २ मा

### मोर्चामा विवाद

रुपन्देही-३ को उपनिर्वाचनमा उम्मेदवार उठाउने विषयमा मधेशकेन्द्रित ७ दलसम्बद्ध संघीय लोकतान्त्रिक मोर्चाभित्र विवाद उत्पन्न भएको छ ।

मोर्चाले नागरिक उन्मुक्ति पार्टीको उम्मेदवारलाई साझा उम्मेदवार उठाउने औपचारिक निर्णय गरेपछि मोर्चाभित्र विवाद देखिएको हो । मोर्चाको निर्णय मोर्चाकै अर्को घटक जनमत पार्टीले मानेको छैन । मोर्चामा रहेका बाँकी ६ दलले भने साझा उम्मेदवार पृष्ठ २ मा

कांग्रेसमा अनुशासनको डण्डा

# चुनावको ३ वर्षपछि १७ नेतामाथि कारबाही

- २१ सय उजुरी
- ५ नेताको १ वर्षका लागि सदस्यता खारेजी
- १ जनालाई ३ महिना र ११ जनालाई ६ महिनाका लागि निष्कासन
- करिब ५ सय जनासँग स्पष्टीकरण

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ असार ।

आन्तरिक कलहले सधैं गिजोलिएको सबैभन्दा पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसमा स्थानीय, प्रदेश तथा संघीय निर्वाचनमा आधिकारिक उम्मेदवारलाई असहयोग गरेका नेता तथा कार्यकर्तालाई करिब ३ वर्षपछि अनुशासन कारबाही भएको छ ।

केन्द्रीय सदस्य आनन्दप्रसाद ढुंगाना नेतृत्वको अनुशासन समितिले निर्वाचन सकिएको ३ वर्षपश्चात विभिन्न क्षेत्र, जिल्ला तथा प्रदेशस्तरका १७ नेतामाथि कारबाहीको डण्डा चलाएको हो ।

केन्द्रीय अनुशासन समितिको ९ असारदेखि १७ गतेसम्म बसेको बैठकको निर्णयअनुसार कारवाही बढाइएको हो । गत निर्वाचनमा आफ्नो दलका उम्मेदवारलाई पराजित गर्न भूमिका निर्वाह गरेका नेता-कार्यकर्तालाई विभिन्न तहको कारबाही गरिएको अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुंगानाले बताए । उनीहरू मध्ये ५ जनालाई १ वर्षका लागि पार्टीको सदस्यताबाटै हटाइएको छ भने १ जनालाई ३ महिना र ११ जनालाई ६ महिनाका लागि पार्टीबाट निस्काशन गरिएको छ । त्यस्तै करिब ५०० सयलाई स्पष्टीकरण सोधिएको छ भने अझै केही उजूरीमाथि छानबिनको प्रक्रियालाई निरन्तरता दिइएको संयोजक ढुंगानाले बताए ।

३ वर्ष अघि भएको निर्वाचनमा अन्तर्घात र असहयोग गरेको अभियोगमा कारबाहीमा पर्नेहरूले आफूहरूमाथि अन्याय भएको बताएका छन् । आगामी महाधिवेशनमासमेत रोक्ने गरी नेताहरूले योजना बनाएर कारबाहीको प्रक्रिया ढिला गरेको उनीहरूको गुनासो छ । तर अनुशासन समितिले भने धेरै उजुरी परेका र त्यसलाई मिहिन ढंगले केलाउँदा समय लागेको ढुंगानाले बताए ।

पार्टीबाट निष्काशन गर्ने, कारबाही गर्ने कुरा सजिलो नभएको र ठूलो संख्याको उजूरीका बारेमा अध्यायन अनुसन्धान गर्दा समय ढिला हुनु सामान्य भएको संयोजक ढुंगानाले बताए । 'लामो समयसम्मको अध्यायनपछि कतिपयलाई सचेत गराइएको, कतिलाई स्पष्टीकरण सोधिएको, कसैलाई निष्काशन गरेका छौं', ढुंगानाले मध्यान्हलाई भने, '५० जिल्लाबाट २१ सय उजुरी परेको थियो । पार्टीबाट निष्काशन गर्ने, कारबाही गर्ने कुरा सजिलो छैन् । यति धेरै उजुरीमाथि छानबिन गरेर १७ जनालाई मात्रै कारबाही गर्नुपर्ने निर्णयमा पुग्नु सजिलो थिएन । यो समय ढिलो भएको देखिएपनि कामको प्रेसर हेर्दा ठिकै हो ।' करिब ५ सयलाई स्पष्टीकरण सोधिएको पनि उनले बताए । अझै केही उजुरीमाथि छानबिन बाँकी नै रहेकाले चाँडो टुंग्याउने गरी पार्टी नेतृत्वसँग समेत छलफल भइरहेको ढुंगानाको भनाइ पृष्ठ २ मा



कांग्रेसमा अन्तरघातको रोग अहिले मात्र नभएर २०१५ सालदेखि नै निरन्तर चल्दै आएको थियो । पार्टीमा सधैं यस्तै भइरहने प्रवृत्तिलाई हटाउन कसै न कसैले त निर्मम भएर निर्णय लिनै पर्‍यो

**आनन्द ढुंगाना**
संयोजक, अनुशासन समिति



अहिले कांग्रेसमा सैद्धान्तिक विचलन आएको छ, नेताहरूको स्वार्थमा प्रेरित भएर चुनावी गठबन्धन गर्ने र भुगोलका नेता कार्यकर्ताको कुरा नसुनिएपछि यस्तो अवस्था आएको हो

**विष्णु राई**
निवर्तमान सभापति, खोटाङ

भोटेकोशी बाढी

# तिब्बतमा हिमताल फुटेको अनुमान



प्रारम्भिक अध्ययनबाट तिब्बती क्षेत्रमा रहेको सुप्राग्लेसियल ताल विस्फोटका कारण बाढी आएको देखिन्छ

**डा. धर्मराज उप्रेती**
जलवायुविद्



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २५ असार ।

भोटेकोशीको विनाशकारी बाढी तिब्बतमा हिमताल फुटेर आएको हुन सक्ने विज्ञहरूले अनुमान गरिएको छ ।

मंगलबार बिहान भोटेकोशीमा आएको अप्रत्याशित बाढीले चीनसँग नेपालको मुख्य सीमानाकामा रहेको नेपाल र चीनबीच रणनीतिक महत्व रहेको मितेरी पुल बगाएको छ । बाढीमा ९ जनाको मृत्यु भएको छ । बाढीले रसुवागढी, त्रिशूली थ्री-ए, त्रिशूली र बेनीघाट गरी चार वटा जलविद्युत् आयोजनामा क्षति पुगेको छ । यसले गर्दा नेपालको कुल विद्युत् आपूर्तिको लगभग ८ प्रतिशत अर्थात् २५० मेगावाट विद्युत् उत्पादन बन्द भएको छ ।

यस्तै, सीमानाकाको नेपालतर्फ रोकिराखिएका १०० भन्दा बढी मालवाहक ट्रक बगेका छन् । साथै, टिमुरे सुक्खा बन्दरगाहमा रहेका ५० वटा पृष्ठ २ मा

### जोखिममा हिमताल

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को एक अध्ययनअनुसार नेपालका उपत्यकालाई खतरामा पार्ने ४७ वटा सबैभन्दा जोखिमपूर्ण हिमतालमध्ये २५ वटा त तिब्बतका हिमनदीमा अवस्थित छन् ।

यसका अलवा यस क्षेत्रमा भूकम्पीय गतिविधिको पनि थप जोखिम छ, जसले कमजोर हिमालय भूखण्डलाई थप अस्थिर बनाउने गर्छ भने हिमताल विस्फोटनको जोखिम पनि बढाउने गर्छ । सन् १९३४ मा तिब्बतमा फुटेको हिमतालबाट भोटेकोशीमा आकस्मिक रूपमा विनाशकारी बाढी आएको थियो । पृष्ठ २ मा

### फरक प्रकृतिको बाढी

सरकारले यो विनाशकारी बाढीको कारण आधिकारिक रूपमा बताइसकेको छैन । जल तथा मौसम विज्ञान विभागको बाढी पूर्वानुमान शाखा प्रमुख विनोद पराजुली रसुवाको बाढी हिमताल फुटेर आएको भन्दा फरक प्रकृतिको भएकाले अध्ययनमा समय लागेको बताउँछन् ।

'हिमताल फुटेको हो भने एक्कासी बाढी ह्वात्तै बढ्ने र कम हुने हुन्छ । त्यसैले विगतको भन्दा यसको प्रकृति अलि फरक छ,' पराजुली भन्छन्, 'कतै थुनिने र पछि बग्ने (क्यासकेडिङ इफेक्ट) भएको हो कि भनेर अध्ययन पनि गर्नुपर्छ', उनले भने । पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# क्रोएसियाबाट ११ नेपाली कामदार डिपोर्ट

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ असार ।

वैदेशिक रोजगारीका लागि युरोपियन मुलुक क्रोएसिया पुगेका ११ जना नेपाली कामदार फिर्ता आएका छन् । क्रोएसिया प्रवेश भिसामा अत्यन्तै छोटो अवधिको कैफियत देखिएपछि उनीहरूलाई विमानस्थलबाटै नेपाल फिर्ता पठाइएको हो ।

उनीहरूलाई चार दिन अनुसन्धानमा राखेर नेपाल फर्काएको बताइएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका वरिष्ठ अध्यागमन अधिकृत एवं सूचना अधिकारी अञ्जन न्यौपानेले कामका लागि क्रोएसिया पुगेका उनीहरूको भिसा छोटो अवधिको देखिएपछि त्यहाँका अध्यागमन अधिकारीले शंकास्पद भन्दै पठाएको बताए ।

उनीहरू व्यक्तिगत प्रयासमा गएका हुन् वा म्यानपावर कम्पनीबाट भन्ने विषयमा सोधखोज नगरएको पनि न्यौपानेले मध्यान्ह दैनिकलाई बताए । 'अन्यायमा परेको भए उनीहरू आफैंले सम्बन्धित निकायमा उजुरी गर्लान्, हाम्रो अनुसन्धानमा अध्यागमनसम्बन्धी कसुर नदेखिएकाले सहजरूपमा छोडिएका हौं,' उनले भने ।

फर्किनेहरूमा अमितकुमार विश्वकर्मा, लक्ष्मण मगर, गीता सुनुवार, दीपक श्रेष्ठ, वीरेन्द्र प्रकाश राना, दीपक चौधरी, अतित तामाङ, पल्सीन लिम्बू, मनिषा कार्की सुब्बा, शंकर सुनुवार र उपेन्द्रप्रसाद वली रहेका छन् । उनीहरू फ्लाई दुबईको विमानबाट मंगलबार काठमाडौं आइपुगेका थिए ।

उनीहरू कामदार भिसामा गत असार २१ गते क्रोएसियाका लागि उडेका थिए । क्रोएसियामा विदेशी कामदारहरू पृष्ठ २ मा

### 'जान'विरुद्ध सुनुवाइ निरन्तर लम्बियो

**काठमाडौं/मस-** रोजगारीका लागि जापान जाने प्रशिक्षार्थी कामदारमाथि भाषा परीक्षाको नाममा विगत १५ वर्षदेखि भइरहेको अन्यायका विरुद्धमा सर्वोच्च अदालतमा दर्ता भएको रिटमा बुधबार समय अभावले सुनुवाइ हुन पाएन ।

अधिवक्ता हसिना प्रधानसमेतले दायर गरेको वैदेशिक रोजगार क्षेत्रको बहुप्रतिक्षित उक्त उत्प्रेषण (०८१-डब्लु ओ-१४६८) रिट बुधबार न्यायाधीशद्वय शारंगा सुवेदी र शान्तिसिंह थापाको संयुक्त इजलासमा परेको थियो । पृष्ठ २ मा

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः
वि.स. २०५३
भदौ ०४ गते

स्वर्गारोहण मितिः
वि.स. २०८२
असार २५ गते

स्व. प्रशान्त राई

यस संस्थाका **संचालक**का भाइ **एक्जिक्युटिभ डाइरेक्टर**
**प्रशान्त राई**को
मिति २०८२ असार २५ गते असामयिक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अपर्ण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै **भावपूर्ण समवेदना** व्यक्त गर्दछौं ।

डाइमण्ड स्टार ओभरसिज प्रा.लि. परिवार
बुद्धनगर-१०, काठमाडौं ।

मध्यान्ह
www.madhyanhadaily.com

२६ असार २०८२ बिहीबार
10 July 2025, Thursday

# करिब ९५ हजार टन मल मौज्दात : कृषिमन्त्री




**काठमाडौं/मस–** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले सरकारले 'अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७' को व्यवस्थाका आधारमा कृषकलाई अनुदानमा मलखाद उपलब्ध गराउँदै आएको बताएका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरुले आकस्मिक, शून्य र विशेष समयमा उठाएका जिज्ञासाको जवाफ दिँदै हाल युरिया मलको खरिद मूल्य प्रतिकिलो ८२ रुपैयाँ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु १४ रुपैयाँ रहेको बताए ।

उनले भने, 'डिएपीको खरिद मूल्य प्रतिकिलो रु १२१ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु ४३ र पोटासको खरिद मूल्य प्रतिकिलो रु ६४ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु ३१ रहेको छ, यसरी वर्तमानमा युरिया, डिएपी र पोटास मलमा प्रतिकिलो अनुदान क्रमशः ५८, ७८ र ३३ रुपैयाँ रहेको छ। यसबमोजिम औसतमा मलमा करिब ६६ प्रतिशत अनुदान रहेको अवस्था छ ।'

मन्त्री अधिकारीले अनुदानमा उपलब्ध गराइने मलबाहेक पनि अनुदान नभएका अन्य मलखाद पनि कृषकले खुला बजारबाट खरिद गरी प्रयोग गर्ने गरेको उल्लेख गर्दै सीमावर्ती क्षेत्रका कतिपय कृषकले अनौपचारिक रुपमा सानो परिमाणमा सीमापारी भारतीय बजारबाट मल ल्याई प्रयोग गर्ने गरेको जानकारी गराए । कतिपय अवस्थामा सिफारिसअनुसार पूरै मात्रामा अनुदानको मल उपलब्ध नभए पनि खुला बजार र अन्य माध्यमबाट किनेर पनि कृषकले मल प्रयोग गर्ने गरेको उनको भनाइ छ ।

'उपलब्ध बजेटको सीमाभित्र रही अन्तरराष्ट्रिय बजारबाट रासायनिक मलको आयात गरी कृषकलाई अनुदानमा मल उपलब्ध गराउन मन्त्रालय क्रियाशील रहेको छ, चालु आर्थिक वर्षको लागि मन्त्रालयलाई प्राप्त भएको बजेट रु २७ अर्ब ३६ करोडबाट हालसम्म तीन लाख ८१ हजार टन मल आयात गरिसकिएको र चार लाख २४ हजार टन बिक्री गरिसकिएको छ', उनले भने ।

त्यसको अलावा ५२ हजार टन युरिया र ३० हजार टन डिएपी कलकत्ता बन्दरगाह आइसकेको वा आउने क्रममा रहेको र धान हाम्रो मुख्य खाद्यान्नबाली रहेको र धानबालीमा मलको माग र खपत सबैभन्दा बढी भएकाले जारी धान रोपाइँ सिजनका लागि मलको अभाव नहोस् भनेर मन्त्रालयले आवश्यक व्यवस्था गरेको मन्त्री अधिकारीको भनाइ छ ।

उनले भने, 'यस क्रममा नेपाल भित्रिने क्रममा रहेको मलबाहेक हाल कृषि सामग्री कम्पनी लिमिटेड र साल्टट्रेडिङ कर्पोरेशनको देशभर रहेका डिपोमा करिब ९५ हजार टन मल मौज्दात रहेको छ भने देशभरका करिब ११ हजार मल बिक्रेता सहकारी संस्थाले सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा उल्लेखित डिपोबाट दैनिक करिब २० हजार क्विन्टल (४० हजार बोरा) मल सहकारीले बुझी लगिरहेका छन् ।'

खेती गरिएको बाली र मलको सिफारिस मात्राका आधारमा वार्षिक मलको आवश्यकता करिब १३ मेट्रिकटन रहे तापनि मध्य तथा उच्च पहाडमा सिफारिसअनुसार मलखाद प्रयोग कमै हुने कारण मलको प्रभावकारी माग करिब सातदेखि आठ लाख टन रहेको पाइएको मन्त्री अधिकारीले संसद्लाई जानकारी गराए । पछिल्ला वर्षमा हाइब्रिड मकै र धानको खेती बढेसँगै मलको मागमा उच्च दरमा वृद्धि हुँदै आएको उल्लेख गर्दै उनले पछिल्ला केही वर्षयता वार्षिक करिब चार लाख ५० हजारदेखि पाँच लाख मेट्रिकटन अनुदानमा उपलब्ध गराउने गरिएको पनि बताए ।

## डाइमण्ड स्टारका एक्जिक्युटिभ डाइरेक्टर राईको निधन

**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायी प्रशान्त राईको निधन भएको छ। अविबाहित स्व. राई २९ वर्षका थिए ।

काठमाडौंको बुद्धनगर-१० स्थित डाइमण्ड स्टार ओभरसिज प्रा.लि.का एक्जिक्युटिभ डाइरेक्टर राईको बुधबार निधन भएको हो।



स्व. राई डाइमण्ड स्टार ओभरसिज प्रा.लि.का संचालक दिनेश राईका सानिमाका छोरा (भाइ) हुन् । स्थायी घर खोटाङ भएका राईको ललितपुरको चापागाउँमा बुधबार बिहान २ बजे मोटरसाइकल दुर्घटनामा परी निधन भएको दाइ दिनेश राईले जानकारी दिए । उनको शव हाल ललितपुरस्थित पाटन अस्पतालमा राखिएको र बिहीबार अन्तिम संस्कारका लागि खोटाङ लगिने दाइ दिनेशले जानकारी दिए । स्व.राईका बुबा, आमा र बहिनी रहेका छन् ।

**समर्थन...**

लिन निर्णय गर्न संसदीय दलको बैठक बसेपनि निर्णयमा पुनर्विचार गर्न कार्यकारिणी समितिलाई आग्रह गरेको छ ।

प्रमुख सचेतक रेखा यादवले बुधबार बैठक बसेको र तर समर्थन फिर्ता लिन निर्णय भने गर्न नसकिएको बताइन्। यादवका अनुसार अब २८/२९ असारमा बैठक बसेर निर्णय लिइनेछ ।

समर्थन फिर्ता लिन बैठक बसेपनि निर्णय गर्न नसक्नुको पछाडि अध्यक्ष उपेन्द्र यादवले सत्ताको बार्गेनिङ गरिरहेको पनि नेताहरू बताउँछन् ।

सरकारमा सहभागी दल नागरिक उन्मुक्ति पार्टी (नाउपा) सरकारबाट बाहिरिएसँग सत्तामा जान बाटो खुलेको आँकलनसहित अध्यक्ष यादवले समर्थन फिर्ता लिन निर्णय गर्न आनाकानी गरिरहेको एक नेताले नाम नबताउने शर्तमा भने । 'अध्यक्षजीले सरकारलाई दिएको समर्थन फिर्ता लिन आनाकानी गरिरहनु भएको छ । उहाँ आफैं सत्तामा सहभागी हुन बार्गेनिङ गरिरहनु भएको छ', ती नेताले भने ।

कार्यकारिणी समितिले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको २ हप्ता भएपनि आफैं संसदीय दलको नेता रहेका अध्यक्ष यादवले संसदीय दलबाट समर्थन फिर्ताको निर्णय गर्न नसक्नुले यसैलाई पुष्टि गरेको पनि नेताहरू बताउँछन् ।

प्रवक्ता मनिष सुमन वर्तमान सरकारको औचित्यता सकिएको र संविधान संशोधनको एजेण्डाले पनि प्राथमिकता नपाएको कारण आफूहरू सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णयमा पुगेको बताउँछन् ।

**मोर्चामा...**

उठाउने निर्णय गरेका छन् ।

मंगलबार बसेको मोर्चाको बैठकले मोर्चाबाट नागरिक उन्मुक्तिको उम्मेदवारलाई साझा उम्मेदवार मान्ने निर्णय भएको मोर्चामा आवद्ध राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता केशव झाले जानकारी दिए । 'अब नागरिक उन्मुक्तिले कसलाई उम्मेदवार बनाउँछ, ऊ हाम्रो साझा उम्मेदवार हुन्छ,' उनले भने । मंगलबारको बैठकमा जनमत पार्टी उपस्थित थिए ।

जनमत पार्टीले मोर्चामा आफू रहने कि नरहने भन्नेबारे मोर्चाका अन्य घटक दलको व्यवहार र निर्णयमा भर पर्ने बताएको छ । मोर्चाका अन्य दलले भने मोर्चामा रहने कि नरहने भन्ने निर्णय गर्न जनमत पार्टी स्वतन्त्र रहेको जनाएका छन् ।

मोर्चामा जसपा नेपाल, नागरिक उन्मुक्ति पार्टी, तमलोपा, राष्ट्रिय मुक्ति पार्टी, लोसपा र जनता प्रगतिशील पार्टी छन् । ती दलहरू उपनिर्वाचनमा साझा उम्मेदवार उठाउन सहमत भएका हुन् । उनीहरूले नागरिक उन्मुक्ति पार्टीबाट रुपन्देही-३ मा उम्मेदवारी दिने र मोर्चाका अन्य घटकले सघाउने निर्णय गरेका छन् । मोर्चामै रहेपनि जनमत पार्टीले रुपन्देही-३ मा छुट्टै उम्मेदवारी दिने निर्णय गरेको छ।

जनमत पार्टीका उपाध्यक्ष नरेन्द्र चौधरीले पनि आफूहरू मोर्चाबाट अलग नरहेको र नहुने बताए। उनले भने, 'हामी मोर्चामै छौँ । कुनै प्राविधिक कारणले बैठकमा हामी गएनौं । यसको मतलब हामी मोर्चामा छैनौं भन्ने होइन। हामी मोर्चामा छौं तर सबै निर्णयमा सहमत हुनैपर्छ र मान्नै पर्छ भन्ने छैन ।'

रुपन्देही-३ मा हुने उपनिर्वाचनमा जनमत पार्टीले आफ्नै उम्मेदवार उठाउने चौधरीको भनाइ छ । पार्टीले यो विषयमा निर्णय लिइसकेको बताउँदै उनले मोर्चाले कसलाई समर्थन गऱ्यो वा गरेन भन्ने विषयमा जनमत पार्टीको कुनै सरोकार नरहेको पनि बताए ।

चौधरीले कसैलाई चुनाव जिताउन, कसैलाई सांसद बनाउन वा मन्त्री बनाउनका लागि मोर्चा नबनेको जिकिर गरे। संविधान संशोधन र संघीयतालाई बलियो बनाउने उद्देश्यले मोर्चा बनाइएको उनको भनाइ छ। तर अहिले आएर मोर्चालाई चुनावी गठबन्धन बनाउन थालिएकाले त्यो विषयलाई जनमत पार्टीले अस्वीकार गरेको उनको भनाइ छ । २०७९ को चुनावमा रुपन्देही-३ मा प्रत्यक्षतर्फ नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीले आ-आफ्नो उम्मेदवार खडा गरेका थिए। मोर्चामा रहेका अन्य दलमध्ये जसपा नेपालले एमाले र लोसपा नेपालले कांग्रेसलाई त्यतिवेला समर्थन गरेका थिए । जसपा नेपालले एमालेलाई प्रतिनिधि सभामा समर्थन गरेर प्रदेश सभा लिएको थियो । त्यसरी नै लोसपा नेपालले पनि प्रतिनिधि सभामा कांग्रेसलाई समर्थन गरेर प्रदेश सभा सिट लिएको थियो ।

नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीले प्रतिनिधि सभा निर्वाचन क्षेत्रमै उम्मेदवारी दिएका थिए । यस क्रममा नागरिक उन्मुक्ति पार्टी चौथो स्थानमा रह्यो । मोर्चामा रहेका ४ वटा संसदीय दलमध्ये नागरिक उन्मुक्ति पार्टीले प्रत्यक्ष र समानुपातिक दुवैमा सबैभन्दा बढी र जनमत पार्टीले सबैभन्दा कम मत पाएको थियो ।

**चुनावको...**

छ । कांग्रेसमा अन्तरघातको रोग अहिले मात्र नभएर २०१५ साल देखिनै निरन्तर चल्दै आएको भन्दै उनले यसअघि भने '१५ सालमा पनि यस्तै भएको थियो, सधै नेपाली कांग्रेसभित्र यस्तै भइरहने प्रवृतिलाई हटाउन कसैन कसैले त निर्मम भएर निर्णय लिनै पऱ्यो ।'

पार्टीको कारबाहीमा परेका नेताहरूले पनि यसलाई राजनीतिक अनुभवका रूपमा लिएका छन् । पार्टी नेताहरूको स्वर्थपूर्तिका लागि सैद्धान्तिक वैचारिक विचल देखिएकाले त्यसका विरूद्धमा लाग्दा खेप्नुपरेको पार्टी कारबाहीको डण्डालाई सहर्ष स्वीकार गरेको नेपाली कांग्रेस खोटाङका सभापति विष्णु राइले बताए । 'सामाजिक न्याय र समाज रूपान्तरणका लागि विपीको विचार र लोकतन्त्रलाई सुदृढ बनाउन हामी लागेका हौं', उनले भने, 'तर, पछिल्लो समय कांग्रेसमा सैद्धान्तिक विचलन आयो, चुनाव कसरी जित्ने भन्ने मात्रै देखियो। नेताहरूको स्वार्थमा प्रेरित भएर चुनावी गठबन्धन गर्ने र भूगोलका नेता-कार्यकर्ताको कुरा नसुनिएपछि यो अवस्था आएको हो । यसलाई मैले सहजरूपमा लिएको छु ।'

कांग्रेसको सदस्यबाट जिन्दगीभर हटाए पनि सामाजिक न्याय र समाज रूपान्तरणको अभियानमा वीपिको विचारलाई जीवनभर नछाड्ने राईले प्रतिबद्धता जनाए ।

नेताहरूले स्वार्थमा प्रेरित भएर आफ्नै लागि मात्रै चुनावी गठबन्धन गर्ने र भूगोलका नेता तथा कार्यकर्तालाई नसुन्ने अवस्था दोहोरिइरहे कांग्रेसमा आगामी चुनावहरूमा अझै ठूलो विद्रोह हुन सक्ने कारबाहीमा परेका नेता लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनालले बताए । जीवनभर राजनीतिमा बिताएका इमान्दार र असल नेता-कार्यकर्ताको भावना विपरीत ठेकेदार र व्यापारीहरू पार्टीमा हावी हुँदा यस्ता समस्याहरू आएको उनको भनाइ छ। यद्यपि आफूले पार्टीका उम्मेदवारलाई असहयोग नगरेपनि गुटगत आधारमा कारबाहीको डण्डा चलाइएको भन्दै आपत्ति जनाए । स्थानीय, प्रदेश र प्रतिनिधि सभा निर्वाचनमा आफ्ना उम्मेदवार वा पार्टीले समर्थन गरेकालाई पराजित गराउन भूमिका खेलेकालाई निष्कासन र निलम्बन गरी दुई प्रकृतिको कारबाही गरिएको छ। 'उम्मेदवारका विरुद्ध असहयोग गरी पराजित गराउने गलत मनशायका साथ सामाजिक संजाल, अडिओ/भिडिओ लगायत अनेकन हत्कण्डाहरू प्रयोग गरिएका प्रमाणका आधारमा निष्काशन/निलम्बन गर्ने निर्णय गरिएको समितिले जनाएको हो ।

कारबाही पर्नेहरूमा पूर्वमन्त्री, प्रदेश महामन्त्री, जिल्ला सभापति, जिल्ला पूर्वसभापति समेत छन् । कास्कीका पूर्वमन्त्री कुमार खड्का, लुम्बिनीका महामन्त्री विक्रम खनाल, खोटाङको जिल्ला सभापति विष्णुकुमार राईलाई एक वर्षको लागि निष्कासन गरिएको छ । कास्कीका पूर्वसभापति कृष्ण केसीलाई तीन महिनाका लागि निष्कासन गरिएको छ ।

**यी हुन कारबाहीमा परेकाहरू**

लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनाल, खोटाङका सभापति विष्णुकुमार राई, कास्कीका महासमिति सदस्य एवं गण्डकी प्रदेशका पूर्वमन्त्री कुमार खड्का, तेह्रथुमका महासमिति सदस्य तुलसी सुब्बा, पर्सा-१ का क्षेत्रीय सभापति अरविन्दकुमार गुप्तालाई एक वर्षका लागि पार्टी सदस्यसमेत नहुने गरी निष्कासन गरिएको छ । त्यस्तै कास्कीका पूर्वसभापति कृष्ण केसीलाई ३ महिनाका लागि निलम्बन गर्ने निर्णय गरिएको छ ।

त्यस्तै धनुषाको लक्ष्मीनीया गाउँपालिकाका सभापति आनन्द यादव, धनुषाकै सबैला नगरपालिकाका नगर सभापति खटरु यादव, धनुषाधाम-१ का रामबाबु यादव र मुखियापट्टी मुसहरनियाका सभापति फुलगेन यादव र कास्की-२ का क्षेत्रीय सहसचिव भावना श्रेष्ठ, ६ महिनाका लागि पार्टीबाट हटाइएको छ ।

धनगढी-२ का महाधिवेशन प्रतिनिधि भीमबहादुर शाह, कैलालीका निवर्तमान जिल्ला सचिव पूर्णकुमार कुँवर, धनगढी-१ का पूर्वमहासमिति सदस्य आनन्दराज जोशी, धनगढी-२ का क्षेत्रीय प्रतिनिधि रविन्द्रप्रताप सिंह, क्रियाशील सदस्य लेखराज ओझा, धनगढी-१ का क्रियाशील सदस्य सुभाष चन्द, धनगढी-५ का पूर्वमहाधिवेशन प्रतिनिधि बब्लुकुमार चौधरीलाई पनि ६ महिनाको लागि निस्कासन गरिएको छ । कारबाही गरेकाहरूलाई स्पष्टीकरण सोधिएको र चित्तबुझ्दो जवाफ नदिएको अनुशासन समितिले जनाएको छ ।

**तिब्बतमा...**

नयाँ आयातित चिनियाँ विद्युतीय कार पनि बाढीले बगाएको छ ।

बाढी आउनुअघिको २४ घण्टा अघिसम्म नेपाल र चीनतर्फ भारी वर्षा भने भएको थिएन। वर्षा नहुँदा पानी परेरै बाढी आएको सम्भावनालाई नकारेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता सुरेश सुनार बाढी आउनुको कारण अहिले नै यकिनका साथ भन्न नसकिने बताउँछन् । तर भोटेकोशीको बाढी तिब्बतमा भएको हिमताल विस्फोटको परिणाम हुन सक्ने सम्भावना उच्च रहेको उनी बताउँछन् ।

भोटेकोशी नेपाल-चीन सीमा नजीकैको गणेश हिमालको उत्तरी पाखोबाट शुरू हुन्छ भने यसको सहायक नदी लेन्दे खोलाले लाङटाङको उत्तरमा रहेको जलाधार क्षेत्र समेतलाई समेट्छ ।

**हिमताल विस्फोटको सम्भावना**

भू-उपग्रह तस्वीरको विश्लेषणले रसुवाको बाढी तिब्बती क्षेत्रको सुप्राग्लेसियल हिमताल विस्फोटको कारण भएको प्रारम्भिक निष्कर्ष देखाएको छ ।

जलवायु परिवर्तन अध्ययन गर्ने संस्थाहरूले यस घटनाको पुष्टि गरेका छन् भने जल तथा मौसम विज्ञान विभागले अध्ययन भइरहेको बताएको छ ।

विज्ञहरूको अध्ययनले पनि ताल विस्फोट भएको पुष्टि गरेको र बाढीको कारण यसलाई मानिएको छ। जलवायु परिवर्तन र मौसममा अध्ययन गरिरहेका विभिन्न संस्थाहरूले तिब्बती क्षेत्रमा रहेको 'सुप्राग्लेसियल' ताल विस्फोट भएका कारण बाढी आएको प्रारम्भिक निष्कर्ष निकालेका हुन् ।

जल तथा मौसम विज्ञान विभागले बाढीको सम्भावित कारण हिमताल विस्फोट हुनसक्ने प्रबल सम्भावना भएपनि कुन ताल विस्फोट भएको भन्ने सम्बन्धमा अध्ययन भइरहेको बताएको छ ।

जलवायुविद् डा. धर्मराज उप्रेतीले स्याटेलाइट तस्वीरको प्रारम्भिक अध्ययनबाट तिब्बती क्षेत्रमा रहेको सुप्राग्लेसियल ताल विस्फोटका कारण बाढी आएको देखिने बताए ।

'सुप्राग्लेसियल लेक विस्फोट भएर यो घटना भएको भन्ने अहिलेसम्मको प्रारम्भिक अध्ययनले देखिन्छ । त्यो स्थानमा भारी वर्षा पनि नभएको र स्याटेलाइट तस्वीरका आधारमा सोही ताल विस्फोट भएको देखिन्छ,' उनले भने ।

चीनको तिब्बत क्षेत्रमा हिमनदीको माथिल्लो सतहमा बनेको ताल बगेको देखिएको र यसको परिवर्तनशीलता अध्ययन भइरहेको छ ।

नेपाल सरकारले पनि बाढीको कारण आधिकारिक रूपमा पुष्टि गर्न सकेको छैन भने चीनसँग समन्वय गरी अनुसन्धान जारी छ।

चाइनिज एकेडेमी अफ साइन्सका डा. गुओक्सिओङ चेङको सहयोगमा नेपाली विज्ञ डा. नितेश खड्काले सार्वजनिक गरेको विवरण अनुसार रसुवाभन्दा उत्तरतर्फको उच्च हिमाली भेगमा ढुंगा-माटोको थुप्रोले ढाकिएको हिमनदीको सतह र भित्री भाग हुँदै पानी बगेको स्पष्ट देखिन्छ। त्यसैले बाढी आएको हुनसक्ने उनको अनुमान छ । तर यो प्रारम्भिक विश्लेषण मात्र भएकाले यसबारे अझ गहिरो निगरानी र अध्ययन आवश्यक रहेको उनको भनाइ छ ।

उनका अनुसार सुप्राग्लेसियल तालहरू सधैं परिवर्तनशील र अस्थायी प्रकृतिका हुन्छन् । जलवायु परिवर्तनको असरले यस्ता तालहरू छिटो-छिटो बन्छन्। सन् २०२१ भन्दा पहिले त्यहाँ ताल देखिँदैन । तर सन् २०२२ मा साना तालहरू देखिन्छन्। २०२३ को ताल अझै ठूलो देखिन्छ भने २०२४ नोभेम्बर ३० त्यो ताल हराएको देखिन्छ। २०२५ जुलाई ५ मा भने त्यहाँ पुनः ताल देखा परेको छ ।

२०२५ जुलाई ८ (२४ असार २०८२)को तस्वीरमा भने ढुंगामाटोको थुप्रोले ढाकिएको हिमनदीको सतह भित्री भाग हुँदै पानी बगेको स्पष्ट देखिन्छ। त्यो पानी माटो, ढुंगा सोहोर्दै बगेको र बाढीको रूप लिएर रसुवामा विपत्ति निम्त्याएको हुनसक्ने डा. खड्काको विश्लेषण छ ।

तिब्बत हुँदै बगेर नेपालको भोटेकोशी हुँदै त्रिशूलीमा मिसिएको सो बाढीले रसुवामा उच्च, नुवाकोटमा मध्यम र धादिङमा हल्का असर गरेको छ ।

**४ जलविद्युत् आयोजना क्षति**

भोटेकोशी नदीमा आएको ठूलो बाढीका कारण नेपाल विद्युत प्राधिकरणका जलविद्युत् आयोजनामा भएको क्षति विवरण सार्वजनिक गरेको छ ।

प्राधिकरणका अनुसार रसुवागढी जलविद्युत् आयोजनाको हेडवर्क्स पूर्णरूपमा क्षति भएको छ । त्यस्तै चिलिमे जलविद्युत आयोजनाको टेलरेसबाट पानी छिरेको छ भने त्रिशूली-३ ए जलविद्युत आयोजनाको ड्याम साइटको दुई वटा गेटमा क्षति पुगेको छ ।

यसैगरी त्रिशूली-३ बी हब सबस्टेसनमा खोलाले धार परिवर्तन गरी सबस्टेसनभित्र छिरेको र हालसम्म १३२ केभीको बेलगायत संरचनामा क्षति पुगेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार त्रिशूली करिडोरको रसुवागढी , त्रिशुलि-३ ए, देवीघाट, त्रिशूली लगायत निजी क्षेत्रको अपर मैलुङ टाडी गरी लगभग २ सय ५० मेगावाट विद्युत् प्रणालीबाट विच्छेद भएको छ ।

**जोखिममा...**

यस्तै, सन् २०२३ को अक्टोबरमा कञ्चनजंघाको भारतीय भूभागमा रहेको दक्षिण ल्होनाक हिमतालको मोरेन (हिमनदीले थुपारेको गेग्रान) भत्किँदा तालको पानी बाहिर आउँदा सिक्किममा रहेको चुङथाङ बाँध र अन्य पूर्वाधार बगाउँदा करीब १०० जनाको मृत्यु भएको थियो ।

**फरक...**

इसिमोडको २०२१ को तथ्यांक अनुसार, त्रिशूली नदीको माथिल्लो धारतिर (चीनको तिब्बत स्वायत्त क्षेत्रतिर) पर्ने एक हिमनदी ताललाई उच्च जोखिमयुक्त तालको रूपमा वर्गीकृत गरिएको र त्यसको नजिकबाट निगरानी आवश्यक रहेको उल्लेख छ

सन् १९९० देखि २०२० सम्मको ३ दशकको अवधिमा यस नदी प्रणालीमा पर्ने हिमनदी तालहरूको आकार ३३ प्रतिशतले र संख्या १६ प्रतिशतले बढेको छ । बाढी आउनुअघिका केही उपग्रह चित्रहरूले पनि हिमनदी तालहरूको संख्या बढेको देखाएका छन्। तर, कुन ताल फुटेको हो वा कुनै तालमा आकस्मिक परिवर्तन आएको हो भन्ने पत्ता लगाउन उच्च रिजोल्युसनयुक्त उपग्रह चित्र पर्खनुपर्ने इसिमोडका विज्ञहरू बताउँछन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता सुरेश सुनार चीनसँग पनि समन्वय गरेर बाढीको कारण पत्ता लगाउने कोसिस भइरहेको बताउँछन् ।

'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकबाट मित्रराष्ट्रसँग समन्वय गरेर विपद्को कारण पत्ता लगाउने, दीर्घकालीन समस्या समाधानको उपाय निकाल्ने लगायतका कोणबाट अघि बढ्ने भन्ने कुरा भएको छ,' उनले भने ।

**क्रोएसियाबाट...**

मुख्यतया निर्माण, आतिथ्य र यातायात क्षेत्रमा कार्यरत छन्। ती क्षेत्रमा नेपालीसहित फिलिपिन्स र भारतबाट उल्लेखनीय मात्रामा कामदार पुगेका छन् ।

क्रोएसियामा काम गर्न गैर-ईयू मुलुकका कामदारहरूलाई सामान्यतया कार्य अनुमति र आवास अनुमति दुवै चाहिन्छ । रोजगारदाताहरूले प्रायः विदेशी कामदारलाई काममा राख्नु अघि स्थानीय उम्मेदवारहरूको अभाव प्रमाणित गर्न अनिवार्य गरिएको छ । कामदारको योग्यता, सीप र कामसँग सम्बन्धित अनुभवको प्रमाण पनि अनिवार्य गरिएको छ।

सन् २०२१ जनवरी १ तारिकदेखि काम र बसोबास अनुमतिका लागि कोटा प्रणाली खारेज गरिएको छ । धेरै कम्पनीहरूले विशिष्ट पेशाहरूमा श्रम अभाव पूरा गर्न विदेशी कामदारहरूको द्रुत आयात योजनाअन्तर्गत विदेशी कामदार भर्ना गरिरहेको बताइएको छ ।

**"जान"विरुद्ध...**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपाल जाइका अल्मुनाई एसोसिएसन 'जान'समेतलाई विपक्षी बनाइएको उक्त रिटमा असार १७ गतेदेखि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल पनि जोडिएको छ। मञ्चले असार १७ गते सरोकारवाला भएकाले रिटको छलफलमा सरिक हुन पाउँ भन्दै (०८१-एफ एन-११५०) निवेदन दर्ता गराएको छ । बुधबारको दैनिक पेसी सूचीको (थ) नम्बरमा परेको उक्त रिटमा त्यसमाथिका केही मुद्दाहरूले पनि सुनुवाइको अवसर पाएनन्। यसअघि दैनिक पेसी सूचीको (त) नम्बरमा रहँदा हेर्न नभ्याउने वर्गमा परेको थियो।

जापानी अध्यागमन कार्यालयले भिसा जारी गरेपछि नेपालको गैरसरकारी संस्थाले लिने भाषा परीक्षा उत्तीर्ण नभएको अवस्थामा रोजगारीका लागि जापान जान नपाउने अवस्था गैरकानुनी भएको भन्दै 'जान' नामक संस्थाको भाषा परीक्षा खारेजीको माग गर्दै रिट दर्ता भएको निवेदकहरूको भनाइ छ।

'जान' नामक संस्थाको भाषा परीक्षाबारे सर्वत्र आलोचना भएको छ । यसअघि मंगलबार मात्रै प्रतिनिधि सभा सदस्य प्रतिमा गौतमले जापानको भिसा पाइसकेका नेपाली प्रशिक्षार्थी कामदारहरूलाई नेपालमै अनधिकृत संस्थामार्फत भाषा परीक्षा दिन बाध्य पारिने घटना गम्भीर आपत्तिको विषय भएको जनाएकी थिइन् ।

त्यसअघि नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु सिवाकोटी र प्रकाश रसाइली स्नेहीले पनि उक्त संस्थाले जापान जान चाहने कामदारमाथि शोषण गरेको भन्दै छानबिनको माग गरेका थिए । सर्वोच्च अदालतमा रिट दायर भएपछि 'जान'ले हाल परीक्षाका कार्यक्रम स्थगित गरेको बताएको छ ।

**Janaki Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
**Project Implementation Unit**
**Janaki, Kailali**

**INVITATION FOR BIDS**

**Date of Publication: 10th July, 2025**
**Funding Agency: The World Bank**
**Credit No.: 7132-NP**
**Invitation for Bids No: 04/WATER/PIU/JANAKI**

1. ***Janaki Rural Municipality, Project Implementation Unit Janaki, Kailali*** invites the Bids from eligible bidders for the Construction of Water Supply Project mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | NP-DWSSM-479026-CW-RFB | Construction of Munuwa Water Supply Project in Janaki Rural Municipality, Kailali. | 39,00,000/- | 10000/- | Single Stage Double Envelope, Hard Copy Not Acceptable. |

2. Eligible Bidders may obtain further information of the Bidding Documents at the office of Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Project Implementation Unit Janaki, Kailali, Sudurpaschim Province, Nepal during office hours or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Project Manager**

# थवाङ गाउँपालिकाका ७ कर्मचारी सम्पर्कविहीन, सेवा ठप्प



**मध्यान्ह संवाददाता**
रुकुम पूर्व, २५ असार

रुकुम पूर्वको थवाङ गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतसहित सात जना कर्मचारी असार २४ गतेदेखि सम्पर्कविहीन भएका छन् ।

कर्मचारी नहुँदा गाउँपालिकाको सेवा प्रवाह पूर्ण रूपमा अवरुद्ध भएको छ । गाउँपालिकाले एक विज्ञप्ति जारी गर्दै नेपाल टेलिकमको नेटवर्क समस्याका कारण प्रमुख प्रशासकीय अधिकृत हेमराज घर्तीमगरसँग सम्पर्क हुन नसकेको जानकारी दिए । तर अन्य ६ जना कर्मचारीहरू पनि एकैसाथ सम्पर्कविहीन रहनुले स्थानीयबासी तथा सेवा लिने पक्षमा गम्भीर चिन्ता र आशंका उत्पन्न भएको छ । सम्पर्कविहीन हुनेहरूमा सहायक प्रशासन पाँचौं हरीश माझी, सह-लेखापाल यज्ञप्रसाद कडेल, सब-इन्जिनियर चन्द्रप्रकाश री, चालक प्रदीप केसी, कार्यालय सहयोगी निशा आचार्य, र खानेपानी तथा सरसफाई प्राविधिक शिवकुमार वली रहेका छन् ।

दुई दिनसम्म कुनै पनि कर्मचारी कार्यालयमा हाजिर नभएको, मोबाइल फोन सम्पर्कविहीन रहेको र आधिकारिक जानकारी नआएको अवस्थालाई स्थानीयले प्रशासनिक चरम लापरवाहीको संज्ञा दिएका छन् । गाउँपालिकाका अध्यक्ष ऋषिकेश बुढामगरले हस्ताक्षर गरेको विज्ञप्तिमा कर्मचारीहरूको खोजी कार्य अगाडि बढाइएको उल्लेख भएपनि सुरक्षाको अवस्था, सम्भावित जोखिम वा खोजी प्रक्रिया सम्बन्धी कुनै विस्तृत जानकारी दिइएको छैन ।

स्थानीयबासीहरूले कर्मचारीहरूको अचानक सम्पर्कविहीन हुनु र पालिकाको मौनताप्रति आक्रोश व्यक्त गरेका छन् । केहीले यो घटनामा प्रशासनिक मिलेमतोको आशंका समेत व्यक्त गरेका छन् ।

# स्वास्थ्य बीमाबाट २ लाखसम्मको उपचार सुविधा

**काठमाडौं/मस–** स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध नागरिकले अब दुई लाखसम्मको उपचार सुविधा पाउने भएका छन् ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले हालसम्म रु एक लाखमा सीमित यो सुविधा आगामी साउन १ गतेदेखि दोब्बर बनाइने घोषणा गरे ।

सामाजिक सञ्जालमार्फत उक्त जानकारी दिँदै मन्त्री पौडेलले आठ प्रकारका गम्भीर रोगका बिरामीका लागि उपचार खर्च दोब्बर बनाइएको बताए । 'कडा रोग लागेर उपचार खर्च जुटाउन नसक्ने नागरिकको पीडामा राहत दिन साउन १ गतेदेखि यो निर्णय लागू हुनेछ', फेसबुकमा उनले भनेका छन् ।

अब क्यान्सर, मुटुरोग, मिर्गौला रोग, टाउको र मेरुदण्डमा चोट (हेड इन्जुरी र स्पाइनल इन्जुरी), सिकलसेल एनिमिया, पार्किन्सोनिज्म र अल्जाइमर भएका बिरामीले रु दुई लाखसम्मको उपचार सुविधा पाउनेछन् । यसअघि सरकारले बीमा योजनामा सामेल भएकालाई आफू बसोबास



गरेको स्थानमा उपचार लिनसक्ने व्यवस्था मिलाउने तथा सबै तहमा बीमा सुविधा विस्तार गर्ने निर्णय भइसकेको छ ।

### १६ वटा डायलासिस मेसिन जडान

बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले भक्तपुर अस्पतालसहित प्रदेशका विभिन्न अस्पतालमा १६ वटा डायलासिस मेसिन (उपकरण) जडान गरेको छ । मिर्गौलाका बिरामीलाई डायलासिस सेवा लिन सरकारी अस्पतालमा चाप बढेसँगै एक पटकको रु दुई हजार ५०० तिरेर निजी अस्पतालमा जानुपर्ने बाध्यतालाई कम गर्न मन्त्रालयले मातहतका प्रादेशिक अस्पतालमा डायलासिस मेसिन जडान गरेको प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले जानकारी दिए । उनका अनुसार मन्त्रालयले भक्तपुर अस्पतालमा पाँच वटा मेसिन ल्याएर जडान गरेको छ । मन्त्रालयले धादिङ अस्पतालमा दुई, सिन्धुली अस्पतालमा दुई, त्रिशूली अस्पतालमा दुई, बकुलहर रत्ननगर अस्पतालमा दुई र हेटौंडा अस्पतालमा तीन वटा डायलासिस मेसिन जडान गरेको मन्त्री थापाले जानकारी दिए ।

डायलासिस मेसिन जडानसँगै अस्पतालले मिर्गौलाका बिरामीलाई सहज रूपमा सेवा प्रवाह गर्ने बताउँदै उनले बिरामीले नजिकको अस्पतालबाट सेवा प्राप्त गर्नसक्ने उल्लेख गरे । मन्त्री थापाले प्रादेशिक अस्पतालमा आगामी दिनमा उपकरण थप गर्दै लैजाने जानकारी दिए ।

भक्तपुर अस्पतालका कार्यकारी निर्देशन डा.सुरेन्द्र भट्टले उपकरण प्राप्त भएसँगै अस्पतालले तत्काल पाँच शय्याको डायलासिस सेवा सुरु गर्ने जानकारी दिए ।

# गण्डक नहरमा पानी नआउँदा रोपाइँ प्रभावित



**इसत्याक अहमद/मध्यान्ह**
पर्सा, २५ असार

गण्डक नहरमार्फत सिंचाइको पानी नआएपछि बारा र रौतहटका किसानहरू आक्रोशित बनेका छन् ।

धान रोपाइँको मुख्य सिजनमा सिंचाइ नपाउँदा खेतीमा गम्भीर असर परेको भन्दै किसानहरूले नारायणी सिंचाइ कार्यालय, वीरगञ्जप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन् । नारायणी सिंचाइ कार्यालयका प्रमुख मनोज पटेलको लापरबाहीका कारण किसानहरू पीडित भएको स्थानीयको आरोप छ । एक प्रेस विज्ञप्ति नै जारी गरेर भनिएको छ, 'असार १४ गतेदेखि नै गण्डक नहरमा पानी आएको जानकारी गराइए पनि हालसम्म बारा र रौतहटका क्षेत्रमा पानी पुगेको छैन।'

कार्यालयका अनुसार हप्ताको बुधबारदेखि शनिबारसम्म बारा-रौतहटको पालो हुने व्यवस्था छ । तर तय गरिएको समयमै पानी नपुगेपछि किसानहरूले गैरजिम्मेवारीपन भएको टिप्पणी गरेका छन् ।

पर्साका एक किसानले कार्यालय प्रमुख पटेलले ठूलो रकम लिएर पानी वितरणमा अनियमितता गरेको आरोप लगाए । यता प्रमुख पटेल र इन्जिनियर ललन बैठले भारतीय पक्षको ढिलासुस्तीका कारण समस्या आएको भन्दै दोष भारतीय पक्षमाथि दिए । पानी नपुग्दा अधिकांश किसानहरू बोरिङ, चापाकल तथा पोखरीहरूमा निर्भर भइरहेका छन्, तर ती स्रोतहरू पनि सुक्दै गएपछि समस्या झन् जटिल बन्दै गएको छ ।

रौतहटका एक किसानले भने, 'यदि अबका केही दिनभित्र नहरमा पानी नआए, हामी किसानहरू हजारौंको संख्यामा नारायणी सिंचाइ कार्यालय घेराउ गर्न बाध्य हुनेछौं।'

हालसम्म पनि पानी नआएको कारण किसानहरूले धानको बिउ सुक्ने र रोपाइँ गर्न सक्ने समयसमेत खेर जाने चिन्ता व्यक्त गरिरहेका छन् । सम्बन्धित निकायले समस्या समाधानमा चाँडो पहल नगरे संकट थप गहिरिने संकेत देखिएको छ ।

# लागुऔषधसहित युवक पक्राउ

**शहबाज खान/कपिलवस्तु**
कपिलवस्तु, २५ असार

भारतबाट नेपालतर्फ लागुऔषध लुकाएर ल्याउँदै गरेका एक युवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा शिवराज नगरपालिका-१, बनकसबास निवासी २२ वर्षीय सुमन चुदारो रहेका छन् । कृष्णनगर नगरपालिका-२ स्थित यात्रु गेट नजिक खटिएको इलाका प्रहरी कार्यालय कृष्णनगरको टोलीले भारतबाट नेपाल प्रवेश गर्दै गरेका चुदारोलाई पक्राउ गरेको हो ।



२०७२ असार २४ गते साँझ करिब ४ बजेतिर चेकजाँचको क्रममा प्रहरीले चुदारोले लगाएको बायाँ खुट्टाको चप्पलभित्र लुकाइएको अवस्थामा ब्राउन सुगर जस्तो देखिने खैरो रंगको लागुऔषध बरामद गरेका हो । पक्राउ परेका चुदारोलाई नियन्त्रणमा लिइ थप अनुसन्धान गर्न जिल्ला अदालतबाट म्याद थप गरिएको इलाका प्रहरी कार्यालय कृष्णनगरले जनाएको छ ।







## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/२६**

**सि. आर. मिडिया नेटवर्क प्रा. लि.** को मिति २०७६/०८/१७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सि. आर. मल्टिपर्पोज प्रा. लि. (प्रा. लि. नं. १६४७७७)** कायम गर्ने गरी मिति २०७६/१०/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक । कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **सुवर्ण ध्वज अधिकारी**<br>बाबु : गरुडमान ध्वज अधिकारी<br>बाजे : हस्त ध्वज अधिकारी | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं ७ | बचत खाता नं: ०३१००१७५०५१७८ | न्युरोड | २०८१/१२/२८ | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं ७ बस्ने सबिता अधिकारी (श्रीमती) |
| २ | **कान्छी महर्जन**<br>बाबु : बाबु लाल हामो<br>बाजे : शंकर दास हामो | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं २२ | बचत खाता नं: १३९१००१७५०१९२१ | न्युरोड | २०७७/०६/१८ | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं ८ बस्ने सानु काजी डंगोल (श्रीमान) |
| ३ | **सरिता पौडेल**<br>बाबु : श्याम प्रसाद कोइराला<br>पति : विनोद प्रसाद पौडेल | काठमाण्डौं जिल्ला, सुकेधारा ९, न्यू कोलोनी | बचत खाता नं. १८६१००१७५०२३५१ | कपन | २०८२/०१/०८ | काठमाण्डौ जिल्ला, सुकेधारा ९, न्यू कोलोनी बस्ने सबिष पौडयाल (छोरा) |
| ४ | **नारायण हरि शर्मा**<br>बाबु : हरि कुमार शर्मा<br>बाजे : ललित कुमार शर्मा | सर्लाही जिल्ला सुन्दरपुर चुहडवा गाउँपालिका वडा नं.९ | बचत खाता नं. ०६३१००१७५०३२९१ | हरिवन | २०८२/०१/०५ | सर्लाही जिल्ला बरहथवा नगरपालिका वडा नं.१५ बस्ने कालिका मैनाली (श्रीमती) |
| ५ | **नविन सिह बोहरा**<br>बाबु : राम सिह बोहरा<br>बाजे : उद्धब सिह बोहरा | बैतडी जिल्ला, दशरथचन्द नगर पालिका वडा नं ४ | बचत खाता नं. ०३५१००१७५२४३८० | चबहिल | २०८१/०४/२७ | बैतडी जिल्ला, दशरथचन्द नगरपालिका वडा नं ४ बस्ने राम सिह बोहरा (बाबु) |
| ६ | **गणेश चौधरी**<br>बाबु : प्रदेशु चौधरी<br>बाजे : सोहनलाल चौधरी | कैलाली जिल्ला, धनगढी उप महानगरपालिका वडा नं ०५ | बचत खाता नं. ०२८१००१७५११३८८ | धनगढी | २०८०/१०/२९ | कैलाली जिल्ला धनगढी उप महानगरपालिका वडा नं ०५, बस्ने शान्ति देवी चौधरी (आमा) |
| ७ | **बिनोद प्रसाद पौडेल**<br>बाबु : नन्द प्रसाद पौडेल<br>बाजेको नाम : श्री लाल पौडेल | कोशी प्रदेश, झापा जिल्ला, भद्रपुर नगरपालिका, वडा नम्बर ८ | बचत खाता नं. ०२१००१७५४२५४५ | ललितपुर | २०८२/०१/०८ | झापा जिल्ला, भद्रपुर नगरपालिका वडा नम्बर ८ बस्ने सबिप पौडेल (छोरा) |
| ८ | **काजीमान तामाङ**<br>बाबुः माइत विर तामाङ<br>बाजेः राज मान तामाङ | काभ्रेपलान्चोक जिल्ला, साबिक चौबास गा.वि.स वडा नं. ७ | बचत खाता नं. २१५१००१७५०४३४० | भुम्लु | २०८२/०१/१४ | काभ्रेपलान्चोक जिल्ला, साबिक चौबास गा.वि.स. वडा नं. ७, हाल भुम्लु गा.पा-०४, चौबास बस्ने हिरामाया तामाङ (श्रीमती) |
| ९ | **मोहनविर सेजुवाल**<br>बाबु : जयसिह सेजुवाल<br>बाजे : बैशागी सेजुवाल | कालिकोट जिल्ला पचालझरना गा.पा. वडा नं ०४ (साविक राम्नाकोट गा.वि.स. वडा नं. ५, कालीकोट) | बचत खाता नं. ७४१००१७५००१८४ | पचालझरना | २०८१/०९/१३ | कालिकोट जिल्ला पचालझरना गाउँपालिका वडा न ४ (साविक राम्नाकोट गा.वि.स. वडा नं. ५) बस्ने रत्नकौरा सेजुवाल (श्रीमती) |
| १० | **शत्यावति शुक्ला**<br>श्रीमान : रबिन्द्र नाथ शुक्ला<br>बाबु : दुर्गा मणि तिबारी | बाँके जिल्ला, नेपालगन्ज उप महानगर पालिका ०७ | बचत खाता नं. १७८१००१७५०४२९८ | नेपालगन्ज धम्बोजि | २०८१/११/१५ | बाँके जिल्ला, नेपालगन्ज उप महानगरपालिका ०७ बस्नेःरबिन्द्र नाथ शुक्ला (श्रीमान) |
| ११ | **सन्त राज कोइरी**<br>बाबु : तिरथ कोइरी<br>बाजे : फास्सा कोइरी | रुपन्देही जिल्ला, मर्चवारी गाउँपालिका वडा नं. ०७ | बचत खाता नं. ०७११००१७५०९६२० | सम्मरीमाई | २०८१/११/२६ | रुपन्देही जिल्ला, मर्चवारी गाउँपालिका वडा नं. ०७, बगौली बस्ने सोहराती देवी कोइरी (श्रीमती) |
| १२ | **यारा होटल एण्ड लज**<br>प्रोप्रईटर : याम कुमार श्रेष्ठ<br>बाबु : कर्ण बहादुर श्रेष्ठ<br>बाजे : प्रभु नारायण श्रेष्ठ | मोरङ जिल्ला कसेनी गा.बि.स. वडा नं. ६ (हाल : सुनसरी जिल्ला इटहरी उ.म.न.पा वडा नं. ९) | चल्ति खाता नं. ०९०१०१७५०१५०६ | इटहरी | २०७८/०७/०४ | सुनसरी जिल्ला बराहक्षेत्र वडा नं. २, हाल : काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. ३२ रेखा श्रेष्ठ (श्रीमती) |
| १३ | **गणेश प्रसाद श्रेष्ठ**<br>बाबु : अबिर सिङ श्रेष्ठ<br>बाजे : बखत सिङ श्रेष्ठ | जिल्ला ईलाम, वडा नं.०९ | बचत खाता नं. ४८१००१७५०१४९५ | अनामनगर | २०७८/११/०६ | ईलाम जिल्ला, वडा नं.०६ (साबिक वडा न. ९) बस्ने उमा देवी श्रेष्ठ (श्रीमती) |
| १४ | **विनय कुमार साह तुरहा**<br>बाबु : रामनाथ प्रसाद तुरहा<br>बाजे : पोषण साह तुरहा | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं १२ | बचत खाता नं. ०३१००१०३५५५०२ | न्युरोड | २०८०/१२/२२ | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.१३ बस्ने सबिता कुमारी तुरहा (श्रीमती) |
| १५ | **ज्ञान ध्वज तामाङ**<br>**प्रोप्राइटरः काभ्रे तिमाल जी.याम. एस.पी. स्टोर्स**<br>बाबु : वृद्धि मान तामाङ<br>बाजे : आसमान तामाङ | काभ्रेपलाञ्चोक, जिल्ला सर्स्युखर्क गा.वि.स. वडा नं | बचत र चल्ती खाता नंः १२११००१७५०४६९८ र १२१०१०१७५००४५० | बनेपा | २०८२/०३/०७ | काभ्रेपलाञ्चोक जिल्ला, सर्स्युखर्क गा.वि.स वडा नं ३ बस्ने रुपणी तामाङ (श्रीमती) |
| १६ | **राम देव पजियार**<br>बाबु : राम जुलुम पजियार<br>बाजे : रामजी पजियार | धनुषा जिल्ला जनकपुर उ.म नगरपालिका वडा नं. १६, धनुषा | बचत खाता नं. ५२१००१७५०११६९ | जनकपुर पिडारी चोक | २०७९/०१/२७ | धनुषा जिल्ला जनकपुर उ.म नगरपालिका वडा नं. १६, धनुषा बस्ने मिना देवी पजियार (श्रीमती) |
| १७ | **राम प्रसाद मैनाली**<br>बाबु : कर्णाखर मैनाली<br>वाजे : लक्ष्मी प्रसाद मैनाली | झापा जिल्ला, शिवसताक्षी नगरपालिका वडा नं ०६ | बचत खाता नं. ३४१००१७५११०५७ | कौशलटार | २०७९/११/०५ | झापा जिल्ला शिवसताक्षी नगरपालिका वडा नं ०६ बस्ने कमला देवी मैनाली (श्रीमती) |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मध्यान्ह
www.madhyanhadaily.com
२६ असार २०८२ बिहीबार
10 July 2025, Thursday

## सम्पादकीय

# खुलेर छलफल आमहितमा कानुन

नेपाली कांग्रेसका सांसदहरूका अडानले भूमि सम्बन्धी विधेयक र विद्यालय शिक्षा विधेयक तत्काललाई रोकिएको छ । सरकारले भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक र विद्यालय शिक्षा विधेयक पारित गर्ने प्रक्रिया अगाडि बढाएको थियो । तर कांग्रेस सांसदहरूको असहमति पछि भूमि व्यवस्था, गरिबी निवारण तथा सहकारी मन्त्री बलराम अधिकारीले भूमि सम्बन्धी विधेयक पारित गर्ने प्रस्ताव अगाडि बढाएनन् । यो विधेयक रोकिएकाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्तले पनि विद्यालय शिक्षा विधेयक पारित गर्ने प्रस्ताव अगाडि बढाएनन् । भूमि सम्बन्धी विधेयकमा कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले नै संशोधन प्रस्ताव दर्ता गराएका थिए । अरू सांसदहरू जीवन परियार, दिलेन्द्रप्रसाद बडू, राजेन्द्र केसी, सञ्जयकुमार गौतम, आशा विक, नगिना यादव, सीता मिजार र रमा पौडेल कोइरालाले पनि संशोधन प्रस्ताव दर्ता गराएका छन् ।

तर प्रतिनिधि सभाबाट यो विधेयक पारित गर्ने प्रस्ताव लैजाने तयारी भएपछि कांग्रेस नेताहरूले सार्वजनिक असन्तुष्टि जनाएका थिए । आफ्ना सांसदहरूको असन्तुष्टिलाई बुझेर कांग्रेस सभापति शेरबहादुर देउवाले दुवै विधेयक अगाडि बढाउने कार्य रोक्न चाहे । अब यी विधेयकहरूमाथि संसदीय समितिमा छलफल हुनेछ । जनता समाजवादी पार्टी, नेपालको माग विधेयकमाथि छलफल हुनुपर्ने थियो । आफ्नो माग सुनुवाइ नभएको भनेरै सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय जसपा नेपालले गरेको थियो । जसपाको निर्णयले राष्ट्रिय सभामा सरकार अल्पमतमै परेको थियो । प्रतिनिधि सभाको दुई तिहाइ पनि सरकारले गुमाउँदै थियो ।

जसपा नेपालले भूमि सम्बन्धी विधेयकमा गत पुसमा ल्याइएको अध्यादेशकै व्यवस्था राखिएकाले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गर्नुपरेको तर्क गरेको थियो । गत २६ पुसमा सरकारले भूमि सम्बन्धी सहित ६ वटा अध्यादेश ल्याएको थियो । संसद छलेर ल्याइएको अध्यादेशप्रति सत्तारूढभित्रै असन्तुष्टि थियो । यद्यपि प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति देउवा सहमत भएकाले असहमतिले ठूलो अर्थ राखेन । तर जसपा नेपालको अडानका कारणले भूमि अध्यादेश फिर्ता लिनुपरेको थियो । अहिले अध्यादेशकै व्यवस्था राखेर ल्याइएको विधेयकमा कांग्रेस पदाधिकारीहरूकै संशोधन प्रस्ताव दर्ता भएको छ । र, केही सांसदहरूको अडानकै कारण सरकार झुक्न बाध्य भएको छ । अब यसमाथि खुलेर छलफल गरिन जरूरी छ । किनकि कानुन निर्माण जस्तो विषय कसैको स्वार्थ पुरा गर्ने हतारमा गरिने काम होइन । त्यस्तो गरिन हुन्न ।

# निजामती सेवामा 'कुलिङ पिरियड'

*२०४८ सालमा बनेको प्रशासन सुधार आयोगको प्रतिवेदन नै अहिलेसम्म कार्यान्वयन नभएका बेला अहिले आएको निजामती सेवा विधेयकले देशको प्रशासन चुस्त होला यो कल्पना पनि सकिँदैन । सबैको स्वार्थ छ, डम्फू बजेको छ...*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

नेताजीहरू कानुन बनाउँछन्, कानुन बनाउनेहरू विषय विज्ञ हुनुपर्ने थियो, तर यो अरू देशमा मात्र लागु हुने कुरो हो, यहाँ नभए पनि हुन्छ । यहाँको राजनीतिक योग्यता भनेको अपराधलाई राजनीतिकरण गर्ने र राजनीतिलाई अपराधीकरण गर्ने हो । देशमा कुनै जङ्गबहादुर जन्मेन भने यो क्रम भावी पुस्तासम्मै यस्तै जाने पनि हो, यद्यपि यहाँ बस्ने अब वृद्धहरू मात्रै देखिएका छन् । बिजुलीको लाइन, खानेपानीको लाइन, अस्पतालको लाइनमा पंक्तिकारले सधैं नियाल्ने गरेको छ, कतै पनि युवाहरू लाइनमा देखिने गरेका छैनन्, एकाध केस बाहेक ।

देशमा प्रशासन सञ्चालन गर्ने स्थायी सरकार भनेको निजामती नै हो, अरू पनि धेरै सेवाहरू छन्, तर माउ यही हो । वि.सं. २००९मा यो सेवामा सुधार हुनुपर्ने रायसहित बुच कमिसन आयो र २०१३ सालमा निजामती सेवा ऐन आयो, अहिलेसम्म यसैलाई गिजोलियो, प्रशासन आफू मात्र पङ्गु बनेन देशको हालत सबैलाई थाहा छ । योजनाबद्ध विकासको थालनी, दुई थरी बजेटको व्यवस्था, राष्ट्र बैंकलगायत, विश्वविद्यालय स्थापना हुँदै प्रशासनिक धेरै सुधार आयोगहरू बन्दै पछिल्लो समयसम्म सुधारकै क्रममा अघि बढेको हो भनियो । लोकतन्त्रको आगमनसँगै, गणतन्त्र र संघीयतासँगै निजामती सेवामा व्यापक सुधार हुनुपर्ने थियो र दृढ, कर्मठ र बलियो प्रशासन सेवा सञ्चालन गरी देशको समृद्धि हुनुपर्ने थियो तर, देशमा आर्थिक क्रान्ति भएन, केवल राजनैतिक क्रान्ति मात्रै भयो र विषगत विकासको छनक भन्दा राजनैतिक विकासक्रम मात्रै अघि बढिरह्यो ।

भुटान वा मलेसियामा जस्तो राजनीतिकर्मीहरूलाई यहाँ समयावधि वा उमेर हद छैन, घाटसम्मै पाइने गरेको छ पद, बरू कर्मचारीहरूलाई घाँटी रेट्ने कानुन छ । पछिल्लो समय 'कुलिङ पिरियड' भन्दै कर्मचारीलाई सेवा निवृत्तिपछि पाखा लाउन खोजिएको छ, तर संसद आफैं अप्ठ्यारोमा परे । होहल्ला ठूलै भयो, घुमिफिरी रूम्जाटार पहिलेकै हुबहु आयो विधेयक । कसैले के भने, कसैले के भने, गर्नेले आँटेपछि संसदीय सुनुवाइ बिनै त संवैधानिक नियुक्ति सदर भएकै हो, भने लोकतन्त्रमा सुनुवाइमा पखाला लागेझैँ पखाल्दा पनि पखालिनेकै नियुक्ति पनि भएकै हो । यसो भनौँ लोकतन्त्रमा जे भनिन्छ, त्यो गरिन्न, जे भनिँदैन त्यो गरिन्छ, अहिलेसम्मको साँढे ३ दशक बितेको यही क्रमले हो । सुविधा लिइन्न भनिन्छ तर लिइन्छ, माथि पुगिन्छ झरेर फेरि ओर्लिइन्छ फेरि भर्याङ चढिन्छ के-के गरिन्छ, संविधान आफैंले बनाएकाले जता व्याख्या गर्न पनि मिलिहाल्छ ।




'कुलिङ पिरियड' भनेको सामान्यतया: आराम गर्ने समय हो, लामो समय खाएर उग्राउने समय हो । तर, खान छोडेको भोलिपल्टै फेरि खान दिने वातावरण लोकतन्त्रले नै दिएको हो, किनभने आस देखाएपछि विशिष्ट कर्मचारीहरूलाई आफ्नो हात लिन र उनीहरू बसुन्जेल इच्छाअनुसारको काम गराउन सकिन्छ । सेवा छोडेपछि अर्को नियुक्तिको ढोका बन्द गर्नासाथ कर्मचारीलाई आफ्नो बनाउन सकिन्न, मन नपरे सरूवा मागेर जाने अन्तै, अरू खासै लगाम हुन्न । आफ्नो खुट्टामा बन्चरो हान्ने काम विशिष्टवालाले गर्ने कुरै भएन । सांसदहरू पनि माननीयभन्दा पनि ढ्याप ढ्यापे छन् भन्ने तिनले बुझेकै छन् । सबै कुरो लेखिएको छलफलकै आएको विषय हो, पछिल्तिर फूल बुट्टा थपेर सरकारले नियुक्ति दिने बाहेक भन्ने थपेपछि खेल खत्तम भइहाल्यो । गरेजस्तो पनि भयो, भत्ता पनि पच्यो, अहिलेसम्मै आउन नसकेको ऐन आयो भन्ने पनि भयो । ऐन बन्न जाँदा के भएर गयो, फर्केर आउँदा गाईको रूप गधै जस्तो भए पनि ल मेकरहरूले तय गरिसकेपछि बोल्ने कुरै भएन । सोझा नेपालीलाई ती कुरा थाहा पनि हुन्न र अचेल मिडियाकर्मीहरू बढेकाले मात्रै अलि होहल्ला हुने हो, तैपनि तिनलाई लोकतन्त्रले ठिँगुराएकै छ । धेरै बोले 'पख्लास् तँ' भनेर चोरी औँलो ठड्याइएकै अवस्था छ ।

अर्को कुरा, संघीय निजामती ऐन बन्नुअघि नै प्रदेशले त्यही कानुन बनाइहाले, तर संघीयले बनाउँदा त्यता जाने प्रदेश प्रमुख संघकै हुने, अनि प्रदेश सचिव र पालिका प्रमुख कार्यकारी अधिकृत पनि १० वर्षसम्म केन्द्रकै हुने भनिएपछि संघीयता त घुमाई फिराइ बाँकी १० वर्षसम्म केन्द्रकै हुने भइहाल्यो । वास्तवमा यति सानो भूगोलको देशले अरू धान्न सक्ने अवस्था पनि होइन, हतारमा संघीयता ल्याए पनि अझै १० वर्ष यसरी नै आम जनतालाई रनभुल्ल पार्ने नियत यो पुरानै हो, नयाँ होइन । विधेयकलाई कसैले संसदमै च्यातेका पनि हुन्, उमेर हद क्रमशः ६० वर्षे भनिएको छ, प्रदेशहरूले पहिले यसो भने तर सुविधा भने ५८ कै लिएर कर्मचारी बिदा भएको अवस्था छ । दुई दशकपछि अतिरिक्त सचिवको पद पुनर्बहाली हुने भएको छ, नयाँ विधेयकले भने सरूवाका लागि १ वर्ष कमसेकम एक ठाउँमा सुनिश्चितता भनेको छ । मुख्य

> *व्यवस्था परिवर्तनसँगै सेवामा व्यापक सुधार हुनुपर्ने थियो र दृढ, कर्मठ र बलियो प्रशासन सेवा सञ्चालन गरी देशको समृद्धि हुनुपर्ने थियो, तर देशमा आर्थिक क्रान्ति भएन, केवल राजनैतिक क्रान्ति मात्रै भयो र विषगत विकासको छनकभन्दा राजनैतिक विकासक्रम मात्रै अघि बढिरह्यो...*

सचिवको समयावधि ३ वर्षको साटो २ वर्षमा झारेको छ भने सचिवको समयावधि ५ वर्षको साटो ४ वर्ष गरिएको छ, यो पनि हाल बहालवालाको हकमा होइन पछिलाई मात्रै हो । श्रेणीगत र तहगत दुवै राखी झन् बढी गिजोलिएको देखिन्छ भने नासुका लागि खुल्ला प्रतिस्पर्धा हटाइएको छ । शाखा अधिकृतको खुल्ला पद ७० बाट ६० प्रतिशतमा झारिएको छ । लोकसेवा प्रवेश उमेर, पुरूष ३५ र महिलालाई ४० गरिएको छ भने विवादित ट्रेड युनियनहरू यथावत् राखिएको छ, चलाउन सकेको अवस्था छैन । प्रदेश स्तर लोकसेवाबाट पोष्टिङ भए पनि १० वर्षपछि सबैतिर जान सकिने प्रावधान रहेको छ । समग्रमा भन्नुपर्दा यो विधेयक हात्ती हात्ती आयो फुस्सा हो । ऐन ल्याइयो भनी जुँगा मुसार्ने बाहेक नयाँ कुरो यसमा केही छैन । २०४८ सालमा बनेको प्रशासन सुधार आयोगको प्रतिवेदन नै अहिलेसम्म कार्यान्वयन नभएका बेला अहिले आएको निजामती सेवा विधेयकले देशको प्रशासन चुस्त होला यो कल्पना पनि सकिँदैन । सबैको स्वार्थ छ, डम्फू बजेको छ ।

## इतिहासमा आज

१० जुलाई २०११ मा फोन ह्याकिङको खुलासाको व्यापक विरोधको बीचमा ब्रिटिश साप्ताहिक ट्याब्लोइड पत्रिका न्यूज अफ द वर्ल्डले आफ्नो अन्तिम अंक प्रकाशित गरेको थियो । जुन पत्रिका लगभग १६८ वर्ष छापिएपछि बन्द भएको थियो ।



१० जुलाई २०१२ मा संयुक्त राज्य अमेरिकाको एपिस्कोपल चर्चले समलिङ्गी विवाहलाई अनुमति दिएको थियो ।



१० जुलाई २०११ मा रूसी क्रूज जहाज बुल्गेरिया तातारस्तानको स्युकेयेभो नजिकै भोल्गा नदीमा डुबेको थियो । जसमा १२२ जनाको मृत्यु भएको थियो ।



१० जुलाई २००८ मा पूर्व म्यासेडोनियाली गृहमन्त्री लुबे बोस्कोस्कीलाई संयुक्त राष्ट्र संघको न्यायाधिकरणले सबै युद्ध-अपराधको आरोपबाट मुक्त गरेको थियो ।



# प्रश्नको चाङमाथि सार्वजनिक सेवा

विचार



● चन्द्रबहादुर बस्याल

> *सार्वजनिक सेवाको गुणस्तर कमजोर हुनुको मूल कारण भनेको सेवाप्रति उत्तरदायित्वबोधको अभाव हो । सेवा दिने संस्थाहरूले जनतालाई आफूले तलब पाउने स्रोतका रूपमा हेर्नु पर्नेमा, दायित्वभन्दा अधिकारलाई प्राथमिकता दिने प्रवृत्तिले काम गर्न सक्ने वातावरणलाई संकुचित बनाएको छ...*

सार्वजनिक सेवा जनताको प्रत्यक्ष सरोकारको विषय हो । राज्यको संरचना, कार्यशैली र विश्वसनीयता सबैभन्दा पहिले यही सेवाबाट आकलन हुन्छ । नागरिकले अनुभूत गर्ने सरकारको अनुहार भनेकै विद्यालय, अस्पताल, प्रहरी, अदालत, मालपोत, स्थानीय तहका सेवा केन्द्रहरू, सहकारी, नापी, सडक डिभिजन, खानेपानी, विद्युत् कार्यालयजस्ता ठाउँ हुन् । यिनको पहुँच, प्रभावकारिता, समयसीमा, पारदर्शिता र जवाफदेहिताले देशमा सार्वजनिक प्रशासन कति सक्षम छ भन्ने बुझिन्छ । तर, यथार्थ के छ भने नेपालमा सार्वजनिक सेवाले जनताको जीवन सहज तुल्याउनेभन्दा बढी झन्झटिलो बनाएको अनुभूति गराउँदै आएको छ ।

नेपालको सार्वजनिक सेवा क्षेत्रमा लामो समयदेखि गम्भीर बेथिति मौलाउँदै आएका छन् । कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप, भागबन्डाको संस्कृति, शिथिल प्रशासन, घुसप्रथाको जालो, ढिलासुस्ती र सेवाप्रति गैरजिम्मेवारीपन आज पनि यथावत् छन् । सेवा लिन गएका नागरिक लाञ्चनाको शिकार बनिरहेका छन् । कार्यालयमा सेवा समयमै नपाइने, काम गर्न अनुरोध गर्नुपर्ने, अनेक सिफारिस बटुल्नुपर्ने, दलालको सहायता लिनुपर्ने, अनावश्यक प्रक्रिया पूरा गर्न बाध्य हुनु, अनलाइन प्रणालीमा देखाइएको पारदर्शिता व्यवहारमा नदेखिनु आमजसो गुनासो बनेका छन् ।

कुनै काम गर्दा कार्यालयका कर्मचारीहरूले प्रष्ट विवरण नदिने, अभद्र व्यवहार गर्ने र सेवा उपेक्षा गर्ने प्रवृत्ति आम देखिन्छ । कतिपय कर्मचारी सेवाग्राहीलाई कानुनी झन्झट देखाएर धम्क्याउने, आफ्नो पहुँच नदेखाएसम्म सेवा दिन हिच्किचाउने, तेस्रो पक्ष (दलाल)मार्फत मात्र संवाद गर्न सकिने अवस्था बनाउने प्रवृत्तिमा रमाइरहेका छन् । यसले गर्दा सर्वसाधारण नागरिक राज्यबाट विमुख हुने, तिनमा आक्रोश र वितृष्णा बढ्ने अवस्था बनिरहेको छ ।

समस्या यत्ति मात्र छैन, कतिपय सेवा प्रदायक निकायहरू आफैं भ्रष्टाचारको दलदलमा फसिरहेका छन् । सार्वजनिक खरिद, निर्माण कार्य, अनुदान वितरण, राहत व्यवस्थापन, नियुक्ति, सरुवा, पदोन्नति जस्ता विषयमा व्यापक अनियमितता देखिन्छ । सार्वजनिक सेवाका अधिकांश निकायमा एकीकृत सेवा प्रवाहको अभाव छ । एउटै कामका लागि धेरै कार्यालय धाउनुपर्ने, एउटै विवरण पटकपटक बुझाउनुपर्ने, एउटै कागजात बारम्बार प्रमाणित गर्नुपर्ने अवस्थाले जनतालाई हैरान बनाएको छ ।

यस्तो बेथिति केवल काठमाडौं वा सहरका सरकारी कार्यालयमा मात्र सीमित छैन, स्थानीय तहमा समेत पहुँच नभएका नागरिक झन् ठूलो पीडामा छन् । सेवा प्रदान गर्ने जनप्रतिनिधि र कर्मचारीहरूले अकर्मण्यता देखाउने, अनावश्यक र राजनीतिक पूर्वाग्रहले सेवा वितरण प्रभावित बनाउने प्रवृत्ति बढ्दो छ । कतिपय अवस्थामा सेवा नै लोप भएको जस्तो देखिन्छ । शिक्षण संस्थाहरूमा शिक्षक उपस्थित नभएको, स्वास्थ्यचौकीमा औषधि नभएको, सडक विभागले बाटो मर्मत नगरेको, नगरपालिकाले फोहोर नउठाएकोजस्ता समस्या व्यापक छन् ।

सार्वजनिक सेवाको गुणस्तर कमजोर हुनुको मूल कारण भनेको सेवाप्रति उत्तरदायित्वबोधको अभाव हो । सेवा दिने संस्थाहरूले जनतालाई आफूले तलब पाउने स्रोतका रूपमा हेर्नु पर्नेमा, दायित्वभन्दा अधिकारलाई प्राथमिकता दिने प्रवृत्तिले काम गर्न सक्ने वातावरणलाई संकुचित बनाएको छ । मूल्यांकनको कुनै प्रभावकारी संयन्त्र छैन, नागरिकबाट प्राप्त गुनासोहरूको व्यवस्थापन, अनुगमन र जवाफदेही व्यवस्था कमजोर छ ।

निजामती सेवा प्रणाली अझै पनि पञ्चायती ढाँचाको सोचमा चलिरहेको महसुस हुन्छ । सेवा प्रवाह गर्न प्रयोगमा ल्याइएका प्रविधि देखाउनका लागि मात्र राखिएका छन् । सूचना प्रविधिमा आएको प्रगति पूर्णतः प्रयोगमा ल्याउन नसक्नु, कर्मचारीहरूमा आवश्यक दक्षता अभाव हुनु, सेवा केन्द्रहरूको भौतिक संरचना कम्जोर हुनुजस्ता कारणले सेवा प्रभावकारी बन्न सकेको छैन । त्यसको असर भने जनताले झेलिरहेका छन् ।

समस्या समाधान गर्न सरकार र राज्य संयन्त्रले प्राथमिकताका साथ सार्वजनिक सेवाको गुणस्तरमा ध्यान दिनुपर्ने आवश्यकता छ । प्राविधिक सुधारसँगै मानसिक र नैतिक सुधार अपरिहार्य छ । कर्मचारीतन्त्रमा पारदर्शिता, प्रभावकारिता र जवाफदेहिता बढाउन सेवा अनुशासनलाई कठोर रूपमा पालना गरिनुपर्छ । सेवाग्राहीको अभिव्यक्ति र गुनासोलाई आधार बनाएर सेवा मूल्यांकन गर्न सक्ने प्रणाली विकास गर्न आवश्यक छ । नागरिक मैत्री सेवा सञ्चालनका लागि कार्यालयको वातावरण, कार्यशैली, पहुँच र व्यवहार सबैमा व्यापक सुधार गर्नुपर्छ ।

यसबाहेक, अनलाइन प्रणालीको भरपर्दो विस्तार, एकद्वार प्रणालीको विकास, डिजिटल सेवा प्रवाहमा दक्ष जनशक्तिको परिचालन, भ्रष्टाचार नियन्त्रणका लागि निगरानी संयन्त्र सशक्त बनाउनु अत्यावश्यक छ । सेवाको स्तरबृद्धि गर्न नागरिक समाज, सञ्चारमाध्यम र स्थानीय समुदायको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । जनतामाझ सचेतना फैलाउने, गुनासो दर्ता प्रणालीलाई प्रभावकारी बनाउने र सेवाका मापदण्डहरू सुनिश्चित गर्ने काम गर्नु आवश्यक छ ।

निष्कर्षमा, सार्वजनिक सेवा भनेको सरकार र जनताको सम्बन्धको आधार हो । यो सम्बन्ध विश्वासमा टिकेको हुन्छ । जुन दिन राज्यका सेवा प्रदायकहरू नागरिकलाई सम्मान गर्न थाल्छन्, सेवा प्रवाह गुणस्तरीय हुन्छ र जनताले पनि राज्यप्रति भरोसा गर्न थाल्छन् । त्यस दिन सार्वजनिक सेवा जनताको जीवन परिवर्तन गर्ने माध्यम बन्न सक्छ । तर त्यसका लागि अहिलेको बेथिति सुधार्ने नीतिगत, संरचनागत र मानवीय पहल तुरुन्त आवश्यक छ ।

## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

आफूलाई गतिलो देखाउन खोजे पनि आखिर छर्लङ्ग छरपस्ट छ, जनताको हृदयमा को कस्तो हो । आफूभन्दा बाहेक अरू कोही छैन जस्तो सोचाइ भएकाहरूले नै खत्तम बनाएका हुन् देश । आफू हुन पाए आफ्नालाई बनाउँथे नै त रहेछ अहिलेसम्मको फूर्तिफार्ती । आफ्ना कुकृत्यहरू सबै ढाकछोप पार्नलाई चलखेल ।



**प्रकाश तिमिल्सिना**

रास्वपाको हस्ताक्षर अभियानले सभापति रवि लामिछाने जेलबाट छुट्दैनन्, यो उनीहरूलाई पनि थाहा छ र यो पनि उनीहरूलाई थाहा छ कि अहिले हस्ताक्षर गर्नेहरूले २०८४ मा घण्टीमा भोट हाल्छन् भन्ने, यो चाहिँ पक्का हो । मेरो बुझाइमा रास्वपाले खासमा मिसन २०८४ का लागि मिनी जनमत संग्रह गरिरहेको छ ।



**रामेश कोइराला**

अदालतको फैसलामा चित्त नबुझे पूनरावेदन गर्ने हो, गलत भएमा ऐन नै संशोधन गराउन विधायक र सरकारलाई दवाब दिने हो, न्यायलयविरुद्ध जाने हैन । मेरा लागि हस्ताक्षर र हड्ताल दुवै गलत हुन् । म मेरो पेशागत संस्था कमसेकम बस व्यवसायी संघभन्दा 'राम्रो' र मनमा 'हरि' भएको होस् भन्ने चाहन्छु ।



**भीम रावल**

अवकाशप्राप्त वा राजीनामा गरेका कर्मचारीले दुई वर्षसम्म राज्यका कुनै पनि नियुक्ति नपाउने राज्य व्यवस्था समितिको सर्वसम्मत प्रतिवेदनमा जालसाजी गरी नियुक्ति पाउने प्रावधान राखिएको सम्बन्धमा गठित छानबिन समिति दूधको साक्षी बिरालो भने जस्तो र स्वार्थ बाझ्ने देखिएको सर्वत्र चर्चा छ ।

## विभत्स हत्या घटनाका अभियुक्त २२ वर्षपछि पक्राउ

**नविन श्रेष्ठ/मध्यान्ह**
सिन्धुली, २५ असार

२२ वर्षअघि दुई जनाको विभत्स हत्या घटनामा फरार रहेका केदार सिंह थापा अन्ततः पक्राउ परेका छन्। उदयपुरको तत्कालीन मयङ्गु गा.वि.स.-६ (हालको कटारी नगरपालिका-१३) निवासी थापा दाङको लमही नगरपालिका-९ स्थित जलकुण्डीबाट पक्राउ परेका हुन्। उनलाई जिल्ला प्रहरी कार्यालय सिन्धुलीले नियन्त्रणमा लिएको हो । थापाले २०६० साल पुस ६ गते रातिको समयमा सिन्धुलीको तत्कालीन अरुणठाकुर गा.वि.स.-८ (हालको दुधौली नगरपालिका-१३) निवासी रत्नबहादुर कार्की र उनकी श्रीमती दुर्गामाया कार्कीको धारिलो हतियार प्रयोग गरी विभत्स हत्या गरेका थिए ।

घटनापछि पीडित पक्षबाट रत्नबहादुर कार्कीका छोरा दुर्गा बहादुर कार्कीले थापाविरुद्ध किटानी जाहेरी दिएका थिए । तर हत्या आरोप लागेका थापा त्यसबेलादेखि नै फरार थिए ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख प्रहरी उपरीक्षक लालध्वज सुवेदीका अनुसार थापा लामो समयदेखि लुकिछिपि दाङको लमही नगरपालिका-९ मा बस्दै आएका थिए । विशेष सुराकीका आधारमा थापा पक्राउ परेका हुन् । थापामाथि जिल्ला अदालत सिन्धुलीबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# अस्पतालमा सेवाग्राहीको फोन नउठेपछि महासंघले दियो मोबाइल !

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २५ असार



रुकुमपूर्वको जिल्ला अस्पतालमा सूचना प्रवाहमा भइरहेको समस्यालाई समाधान गर्न नेपाल पत्रकार महासंघ रुकुमपूर्व शाखाले अस्पताललाई मोबाइल सेट हस्तान्तरण गरेको छ ।

सिस्ने, भूमे र पुथा उत्तरगंगा गाउँपालिकाका नागरिकहरू अस्पतालमा फोन गर्दा पनि सम्पर्क हुन नसकेको गुनासो चुलिँदै गएपछि महासंघले नागरिक आवाजप्रति संवेदनशील हुँदै अस्पताललाई 'सेभेन टर्च' मोबाइल सेट र ९७६७०२७६०० नम्बरको सिमकार्ड प्रदान गरेको हो ।

महासंघ रुकुमपूर्वका अध्यक्ष बसन्त बाँठा मगरले जनताको समस्या प्रत्यक्ष महसुस गर्दै सूचना प्रवाह सहज बनाउन मोबाइल प्रदान गरिएको जानकारी दिए । उनले भने, 'पत्रकारहरू जनताका समस्यालाई हेरेर मात्र बस्दैनन्, समाधानमा पनि सक्दो भूमिका खेल्न तयार छन् ।'

महासंघका सचिव निराजन शेर्पालीले जनताको आवाज सुन्ने मात्र नभइ जिम्मेवार निकायसम्म पुऱ्याउने काम पत्रकारको हो भन्दै प्रत्यक्ष सहयोगस्वरूप मोबाइल सेट नै किनेर अस्पताललाई उपलब्ध गराइएको बताए ।

मोबाइल हस्तान्तरण कार्यक्रम जिल्ला अस्पतालका निमित्त सुपरिटेन्डेन्ट डा.कृष्ण खरालको कार्यकक्षमै सम्पन्न भएको थियो । कार्यक्रममा महासंघ अध्यक्ष बसन्त बाँठा मगर, उपाध्यक्ष बालाराम शेर्पाली, सचिव निराजन शेर्पाली, प्रेस सेन्टर नेपालका अध्यक्ष जयमान बुढा मगर र कान्ति भ्वाइस टिमको उपस्थिति रहेको थियो ।

स्थानीय तह, स्वास्थ्य कार्यालय तथा प्रदेश सरकारको बेवास्ता र अस्पताल व्यवस्थापनमा देखिएको कमजोरीका कारण नागरिकले भोगिरहेको कठिनाइप्रति ध्यान जानुपर्नेमा स्थानीयवासीहरूले जोड दिएका छन् । अब उक्त मोबाइलमार्फत बिरामी तथा सेवाग्राहीहरूले अस्पतालसँग सिधा सम्पर्क गर्न सक्ने छन् ।

## नारायणी नदीमा दाउरा संकलन गर्ने क्रममा किशोर बेपत्ता



**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २५ असार


पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-४ ठोकरस्थित नारायणी नदीमा दाउरा संकलन गर्ने क्रममा एक १४ वर्षीय किशोर डुबेर बेपत्ता भएका छन् ।

बेपत्ता हुने किशोर नर्सहीका किसुन मल्लाह रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । शनिबार दिउँसो करिब ३ बजे दाउरा निकाल्ने क्रममा उनी नदीमा डुबेका थिए ।

घटनाको जानकारी प्राप्त भएपछि सशस्त्र प्रहरी बल नेपाल बलिनगर वि.ओ.पी.बाट सशस्त्र प्रहरी निरीक्षक भोला श्रेष्ठको कमाण्डमा १७ जनाको टोली र इलाका प्रहरी कार्यालय बेलाटारीबाट सशस्त्र प्रहरी निरीक्षक शिव कुमार क्षेत्रीको कमाण्डमा ७ जनाको टोली खोज तथा उद्धार कार्यमा खटिएको छ ।

घटनास्थल बलिनगर वि.ओ.पी.बाट करिब ५ किलोमिटर उत्तरतर्फ पर्छ । हालसम्म बेपत्ता बालकको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

# स्कुलबाटै तीन बालक बेपत्ता







**नेपालगञ्ज/मस**–बाँकेको कोहलपुर नगरपालिका-३ स्थित कोहलपुर बागेश्वरी इंग्लिस मिडियम स्कुलमा अध्ययनरत तीन जना बालक स्कुलबाटै बेपत्ता भएका छन् । कक्षा ८ मा अध्ययनरत १५ वर्षीय निरज थापा, १३ वर्षीय पवन नाथ योगी र १२ वर्षीय रोबिन्द्र खड्का गत असार २२ गतेदेखि सम्पर्कविहीन भएका हुन् ।

उनीहरू हराएको तीन दिन बितिसक्दा पनि अवस्था अज्ञात छ भने प्रहरीले उनीहरू भारत पुगेको हुन सक्ने प्रारम्भिक अनुमान गरेको छ ।

स्कुलका प्रिन्सिपल विष्णु केसीका अनुसार विद्यार्थीहरू असार २२ गते दिउँसो ३:५५ बजेसम्म स्कुलमै थिए र करिब ४:३० बजेतिर बाहिर निस्केका थिए ।

प्रिन्सिपल केसीका अनुसार विद्यार्थीहरूले पहिल्यैदेखि भाग्ने योजना बनाएको कुरा उनीहरूका साथीहरूबाट थाहा भएको छ ।

खोजीका क्रममा उनीहरू हराएकै दिन साँझ ६:३० बजेतिर विद्यालयबाट करिब २० किलोमिटर टाढा नेपालगन्जस्थित जिल्ला हुलाक कार्यालय अगाडि सिसी क्यामेरामा देखिएका थिए ।

'नेपालगन्जको हुलाक कार्यालय अगाडि तीनै जनाले चाउमिन खाइरहेको दृश्य सिसी क्यामेरामा कैद भएको छ, त्यसपछि उनीहरू कहाँ गए भन्ने कुनै पत्तो छैन,' केसीले भने ।

विद्यार्थीका आफन्तले भने घटनामा विद्यालयको चरम लापरबाही भएको आरोप लगाएका छन् । हराएकामध्ये कोहलपुर-३ मदनचोकका निरज थापा सोही स्कुलको होस्टेलमा बसेर अध्ययन गर्थे ।

होस्टेलबाटै विद्यार्थी हराउनुले विद्यालयको गैरजिम्मेवारीपन पुष्टि हुने निरजका आफन्त सन्ध्या शर्माले बताइन् ।

डेढ वर्षअघि पनि सोही विद्यालयका दुई जना विद्यार्थी हराएको र पछि कोहलपुरमै फेला परेको थियो ।

इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख, प्रहरी नायव उपरीक्षक (डिएसपी) लक्ष्मी खनालले प्रारम्भिक अनुसन्धानमा विद्यार्थीहरू भारत पुगेको हुन सक्ने संकेत देखिएको बताएकी छन् ।

उनीहरूको अवस्था पत्ता लगाउन भारतस्थित विभिन्न निकायसँग आवश्यक समन्वय भइरहेको प्रहरीले जनाएको छ ।

## बर्दियाको ठाकुरबाबा र गेरुवामा विपद् पूर्वतयारी परियोजना सञ्चालन हुने



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया,२५ असार

बर्दियाको ठाकुरबाबा नगरपालिका र गेरुवा गाउँपालिकामा विपद् पूर्वतयारी, उत्थानशीलता तथा सशक्तिकरण परियोजना सञ्चालन हुने भएको छ । पालिकाहरूको समन्वयमा प्लान इन्टरनेशनल नेपाल र भेरी वातावरणीय विशिष्टता समूह (वि-ग्रुप)को साझेदारीमा उक्त परियोजना अघि बढाइनेछ ।

वि-ग्रुपका कार्यक्रम संयोजक लक्ष्मीप्रसाद शर्माका अनुसार परियोजनाको उद्देश्य विपद् पूर्वतयारीका लागि संस्थागत विकास, जोखिम विश्लेषण तथा व्यवस्थापन कार्यमा समुदायको सहभागिता वृद्धि गर्नु हो। साथै, पालिकाहरूको पूर्वानुमानमा आधारित तयारी र प्रतिकार्यका लागि आवश्यक योजना तर्जुमा र कार्यान्वयनमा सहयोग पुऱ्याउने लक्ष्य पनि परियोजनाले राखेको छ ।

जनवरी २०२६ सम्म सञ्चालन हुने उक्त परियोजनाअन्तर्गत पालिकाको विपद् व्यवस्थापनसम्बन्धी योजना कार्यान्वयन, विपद् न्यूनीकरणका कार्यहरू सञ्चालन, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्वयंसेवक परिचालन, नीतिगत सहकार्य, तथा पूर्व सूचना प्रणाली सशक्तिकरण गरी पूर्वानुमानमा आधारित प्रतिकार्यलाई टेवा पुऱ्याउनेजस्ता महत्वपूर्ण गतिविधिहरू सञ्चालन गरिनेछन्। यसका अतिरिक्त, सुरक्षित समुदाय निर्माण, सामाजिक पुँजीको विकास र बालविवाह न्यूनीकरणमा समेत परियोजनाले सहयोग गर्नेछ । ठाकुरबाबा नगरपालिका र गेरुवा गाउँपालिकामा लागू गरिने यस परियोजनाका विभिन्न क्रियाकलापमा गरी करिब ८० लाख ३१ हजार ६ सय ६८ रुपैयाँ खर्च हुने बताइएको छ ।

## एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान

**मध्यान्ह संवाददाता**
प्यूठान, २५ असार



प्यूठानको झिमरुक गाउँपालिका उपाध्यक्ष प्रमोद पोखरेलले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ मा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई नगदसहित सम्मान गरेका छन् ।

उपाध्यक्ष पोखरेलले प्रत्येक सामुदायिक विद्यालयबाट उत्कृष्ट ग्रेड प्राप्त गर्ने विद्यार्थीलाई नगद ४ हजार रुपैयाँ, सम्मानपत्र र खादा प्रदान गरी सम्मान गरेका हुन् । सम्मानित हुने विद्यार्थीहरूमा सत्य माध्यमिक विद्यालय वडा नं. ७ का सुजल जिसी र सुमन महरा तथा प्रभात माध्यमिक विद्यालय वडा नं. ३, झिमरुककी अञ्जु एम.सी. रहेका छन् ।

कार्यक्रममा बोल्दै पोखरेलले आफू शिक्षा, पत्रकारिता र राजनीति क्षेत्र हुँदै गाउँपालिका उपाध्यक्षको भूमिकामा आइपुगेको बताउँदै विद्यार्थीलाई उच्च शिक्षाको प्रेरणा दिन सम्मान कार्यक्रमको सुरुवात गरिएको बताए । उनले आर्थिक रूपमा कमजोर तर मेधावी विद्यार्थीलाई पढाइबाट वञ्चित हुन नदिन छात्रवृत्ति दिने नीतिको तयारी भइरहेको जानकारी पनि दिए ।

सत्य माध्यमिक विद्यालयका शिक्षक हेमन्त पोखरेलले उपाध्यक्ष पोखरेलले विद्यार्थीलाई प्रेरणा दिने नयाँ परम्पराको सुरुवात गरेको भन्दै धन्यवाद व्यक्त गरे। सम्मानित विद्यार्थी अञ्जु एम.सी.ले यस सम्मानले आफूलाई अझ मेहनत गर्न प्रेरणा दिएको प्रतिक्रिया दिइन्।

उपाध्यक्ष पोखरेल नेपाली कांग्रेस प्यूठानका सहसचिव तथा पूर्व पत्रकारसमेत हुन्। उनी लामो समयदेखि सामाजिक क्षेत्रमा सक्रिय रहेका छन् ।

# काठमाडौं टावरको निर्माण नरोक्न उच्च अदालतको आदेश



**काठमाडौं/मस**–उच्च अदालत पाटनले पुरानो बसपार्कस्थित काठमाडौं टावरको निर्माण नरोक्न काठमाडौं महानगरपालिकाको नाममा अन्तरिम आदेश दिएको छ।

न्यायाधीश प्रकाश खरेलको एकल इजलासले काम रोक्न नपर्ने अन्तरिम आदेश जारी गरेपछि निर्माण कम्पनी जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रा.लि.लाई निर्माण कार्य अघि बढाउने बाटो खुलेको छ ।

२०७८ सालमा १२ तल्लासम्मको निर्माण अनुमति प्राप्त उक्त टावरलाई महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले १९ तल्लासम्मको नक्सा पास गरिदिएका थिए ।

यही विषयलाई लिएर काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले गुरागाईंमाथि भ्रष्टाचारको आरोप लगाउँदै छानबिन प्रक्रिया सुरु गरेका थिए । २०८१ माघ ९ गते टावरको निर्माण कार्य रोक्न महानगरपालिकाले निर्देशन दिएको थियो ।

सोविरुद्ध निर्माण कम्पनीले उच्च अदालत पाटनमा रिट दायर गरेको थियो । अदालतले काठमाडौं महानगरलाई अन्तरिम आदेश जारी गर्दै सो पत्र कार्यान्वयन नगर्न भनेको छ ।

अदालतले आदेशमा भनेको छ,'निर्माण कम्पनीले महानगरबाट तल्ला थप्ने अनुमति लिई नक्सा पास गराइसकेको छ । साथै, दुई करोड ३० लाख रुपैयाँभन्दा बढी दस्तुर तिरेको तथ्य छ । यस्तो अवस्थामा सम्झौताबमोजिमको व्यावसायिक भवन निर्माणलाई निरन्तरता दिनु वाञ्छनीय देखिएको छ ।'

यस प्रकरणलाई लिएर मेयर शाह र प्रमुख प्रशासकीय अधिकृत गुरागाईंबीच देखिएको विवादले हाल काठमाडौं महानगरपालिकाको आन्तरिक निर्णय प्रक्रियालाई समेत प्रभावित पारेको छ। बजेटसम्बन्धी कार्ययोजना समेत अहिलेसम्म सार्वजनिक हुन सकेको छैन ।

## सय वर्षपछि लालपुर्जा वितरण



**भक्तपुर/मस**–भक्तपुरको मल्लकालीन बस्तीका रूपमा रहेको चित्रपुरका स्ववासीलाई सयौँ वर्षदेखि उपभोग गर्दै आइएको जग्गाको स्रेस्ता पुर्जा वितरण गरिएको छ । नापी कार्यालय भक्तपुरले सूर्यविनायक नगरपालिका-४ दधीकोट चित्रपुरका लालपूर्जाबिहीन स्ववासीलाई जग्गाको स्रेस्ता अर्थात् धनी पुर्जा वितरण गरेको हो ।

जिल्ला नापी कार्यालय भक्तपुरले साविक दधीकोट गाविस-८ र ९ हालको सूर्यविनायक-४ का ९८ जना स्ववासीलाई बुधबार एक कार्यक्रममा सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले पुर्जा वितरण गरेका हुन् । नापी कार्यालयका प्रमुख डा. प्रदीप सापकोटा, भूमि आयोग भक्तपुरका अध्यक्ष दीपक बिसुङ्केलगायतले स्ववासीलाई पुर्जा वितरण गरेको नगर कार्यालयले जनाएको छ ।

नगरप्रवक्ता एवं वडा नं ७ का वडाध्यक्ष रविन्द्र सापकोटाले लामो समयदेखि प्रयोग गरिएको तर जग्गा स्रेस्ता दर्ता कायम नभएको स्ववासीलाई जग्गाको स्रेस्ता पुर्जा वितरण गरिएको बताउँदै पुर्जा पाएसँगै स्थानीयको मुहारमा मुस्कान देख्न पाइएको उल्लेख गरे ।

आफैँले उपभोग गर्दै आएको, पक्की घरसमेत निर्माण भइसकेको जग्गा आफ्नो नाममा नहुँदा सरकारले जफत गर्ने त्रास र बैंकमा धितो राखेर ऋण लिन पनि नमिल्ने अवस्था अन्त्य भएको नगर प्रवक्ता सापकोटाले बताए । नगरपालिकाको निरन्तर पहलपछि स्ववासीलाई स्रेस्ता पुर्जा वितरण गर्न सफल भइएको उनको भनाइ छ ।

# खानेपानी माग्दै रित्तो घैंटो र बाल्टिन लिएर प्रदर्शन



**वीरगन्ज/मस**–वीरगन्ज महानगरमा पानीको हाहाकार भएको छ। जिल्लामा केहिदिन यता चापाकललगायतका खानेपानीका स्रोतहरू सुकेर हाहाकार भएको हो।

पानीको हाहाकार भएपछि जनमत पार्टीका महिला संगठनले बुधबार वीरगन्जको सडकमै उत्रिएर प्रदर्शन गरेका छन्। जनमत पार्टीको भगिनी संगठन महिला जनमत संघ पर्साको अगुवाईमा पार्टीका महिला कार्यकर्ताले घण्टाघर चोकस्थित सडकमा खाली घैटो र बाल्टिन राखेर प्रदर्शन गरेका हुन् ।

'जल सत्याग्रह'नारा लेखिएको ब्यानरसहित सडक प्रदर्शनमा उत्रिएकाहरूले खानेपानीको संकट समाधानका लागि तीनवटै तहका सरकारसँग माग पनि गरे । प्रदर्शनमा सहभागीहरूले तीनै तहको सरकार आँखा खोल, पानी दे कि मारी दे ,पर्सालाई पानी संकटग्रस्त क्षेत्र घोषणा गरलगायतका नारा लगाएका थिए।

प्रदर्शनमा सहभागी जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले वीरगन्ज महानगरका साथै पर्सा जिल्लाका विभिन्न पालिकामा अहिले चापाकलहरू सुकेर त्राहीमाम् हुदाँ पनि संघ,प्रदेश र स्थानीय तीनवटै सरकारले ध्यान नदिएकाले बाध्य भइ आन्दोलनमा उत्रिनु परेको बताए ।

वीरगन्जममा गर्मीका बेला विगत ३ वर्षदेखि निरन्तर खानेपानीको संकट हुँदै आएपनि तीनवटै तहका सरकारले दीर्घकालीन समाधानका लागि ध्यान नदिएको आरोप छ। अध्यक्ष सर्राफले भने,' तीनवटै तहका सरकार अन्धो, बहिरो भएर वीरगन्जलाई अपहेलित गरिरहेका छन्। वीरगन्जका मान्छेलाई पानी बिना मार्ने प्रयास गरिरहेको छ । तसर्थ तीन तहकै सरकार गम्भीर भएर वीरगन्जलाई पानी संकटग्रस्त क्षेत्र घोषणा गरी तत्काल विशेष प्याकेजमार्फत् पानीको समस्या समाधान गरोस् ।'

संघीय सरकारको खानेपानी मन्त्रालय र वीरगन्ज महानगरपालिकाको कार्यालयले वीरगन्जका विभिन्न वडामा डीप बोरिङहरू जडान गरेर पानी आपूर्ति गर्दै आए पनि त्यसले समस्या समाधान हुन सकेको छैन ।

यसैबिच वीरगन्ज महानगरपालिकाले खानेपानीको ट्यांकरमा पानी ओसारेर संकटग्रस्त वडाहरूमा वितरण गर्न थालेको छ । यसबाहेक टोलटोलमा २ हजार, ५ हजार र १० हजार लिटर क्षमताका खानेपानी ट्यांकी जडान गरी महानगरपालिकाले पानीको आपूर्तिको व्यवस्था मिलाएको छ ।

**खानेपानीको कार्यालय घेराउ**

आम जनता पार्टी (आजपा) निकटको आम सुकुम्बासी तथा अव्यवस्थित बसोबास संघले खानेपानीको माग काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) को कार्यालय घेरा उगर्दै धर्ना दिएका छन् ।

सुकुम्बासी संघले काठमाडौंको त्रिपुरेश्वर स्थित केयूकेएलको कार्यालय घेराउ गर्दै शुद्धखानेपानीको व्यवस्था गर्नुपर्ने माग गरेका छन्। सुकुम्बासी बस्तीमा खानेपानीको माग गर्दै उनीहरुले यसअघि ध्यानाकर्षणपत्र बुझाएका थिए ।

सहभागिहरुले हातहातमा खाली गाग्री बोकेर हामीलाई खानेपानी देउ भन्दै केयूकेएलको कार्यालय घेराउ गरेका छन् । उनीहरुले सरकारका बिरुद्धमा चर्को नाराबाजी समेत गरेका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७९/०६/१३ मा दर्ता भएको **प्रा.लि. नं. ३००३८५** को **बग्वेट माइन्स एण्ड मिनरल्स् प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (क) को विशेष व्यवस्था बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## लहानमा अवैध क्लिनिकहरूमाथि कडाइ

**सिरहा/मस**-लहान क्षेत्रमा दर्ताबिना सञ्चालनमा रहेका स्वास्थ्य क्लिनिकप्रति गुनासो बढ्दै गएपछि इलाका प्रशासन कार्यालय लहानले नियमन अभियान सुरू गरेको छ । अनुगमनमा लहान नगरपालिका स्वास्थ्य शाखा र घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि सहभागी थिए। अनुगमनका क्रममा लहान-३ स्थित हस्पिटल चोकमा रहेको 'विन्ध्वासिनी क्लिनिक' ले कुनै प्रकारको कानुनी प्रक्रिया पूरा नगरेको, बिना दर्ता क्लिनिक सञ्चालन गरेका पाइएपछि उक्त क्लिनिक मंगलबार नै सिल गरिएको छ ।

इलाका प्रशासन कार्यालय लहानका अधिकृत सन्तोष रायले भने, 'प्रथम दृष्टिमा नै क्लिनिक अवैध देखिएकाले जिल्ला प्रशासन कार्यालयको परामर्शमा ताला लगाएर सिल गरिएको हो । अब कानुनी प्रक्रिया अगाडि बढ्ने छ ।'

क्लिनिकका सञ्चालक डा.धीरजकुमार साहले आफू सरकारी अस्पतालमा कार्यरत रहेको स्वीकार गरेका छन् । क्लिनिकको बोर्डमा पनि 'लहान अस्पतालमा कार्यरत' भनेर उल्लेख गरिएको छ, जुन सरकारी कर्मचारी आचारसंहिता विपरीत हो । लहान नगरपालिका स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार यो विषयमा छानबिन हुनेछ ।

उनका अनुसार जनस्वास्थ्य सेवा नियमावली, २०७७ बमोजिम स्वास्थ्य क्लिनिकले 'डि' र 'ई' वर्गको प्रयोगशाला राख्नुपर्ने व्यवस्था रहेको छ ।

# बक्स अफिस तथ्यांक पेश गर्न देशभरका हललाई बोर्डको निर्देशन




**काठमाडौं/मस–** चलचित्र विकास बोर्डले देशभरका सिनेमा हलहरूलाई 'रियल टाइम बक्स अफिस व्यवस्थापन प्रणाली' मार्फत अनिवार्य रूपमा बक्स अफिस तथ्यांक पेश गर्न निर्देशन दिएको छ। असार १६ गतेदेखि लागू गरिएको सो प्रणालीमार्फत तथ्यांक नपठाउने हलहरूलाई कानुनबमोजिम कारबाही गरिने बोर्डले स्पष्ट पारेको छ। बोर्डले देशभरका १६६ हलहरूलाई औपचारिक पत्र लेख्दै सिनेमा वितरण, प्रदर्शन र समग्र व्यवस्थापनलाई पारदर्शी र व्यवस्थित बनाउन यो प्रणाली प्रभावकारी माध्यम हुने विश्वास व्यक्त गरेको छ। पत्रमा भनिएको छ, 'चलचित्र उद्योगलाई समुन्नत बनाउने हाम्रो निरन्तर प्रयासको फलस्वरूप बक्स अफिस प्रणाली सञ्चालनमा ल्याइएको हो। अबदेखि चलचित्र विकास बोर्डले यो प्रणालीलाई आधिकारिक रूपमा कार्यान्वयनमा ल्याएको छ।'

बोर्डले नेपाल चलचित्र संघ र सम्पूर्ण प्रदर्शकहरूलाई पत्र पठाउँदै प्रणालीलाई सफल बनाउने विषयमा सहकार्यको अपेक्षा गरेको छ। अध्यक्ष दिनेशराज दाहालद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ, 'वास्तविक समय बक्स अफिस अनिवार्यरूपमा तथ्यांक पेश गर्न सबैलाई हार्दिक अनुरोध गरिन्छ। यसबाट चलचित्र क्षेत्रको पारदर्शिता, विश्वसनीयता र दीर्घकालीन समृद्धिमा टेवा पुग्नेछ।'

पत्रमा तथ्यांक पेश नगर्ने हलहरूलाई चलचित्र क्षेत्रसम्बन्धी प्रचलित कानुन, नियम तथा सरकारका निर्देशिकाको उल्लंघन गरेको मानिने उल्लेख गरिएको छ। सो अनुसार, बोर्डले यस्ता हलहरूलाई आवश्यक कानुनी कारबाही गर्ने चेतावनीसमेत दिएको छ।

एन्ड्रोइड अपरेटिङ सिस्टम भएका मोबाइलमा 'बक्स अफिसः सिनेपा' एप प्रयोगमा आइसकेको छ भने आइओएस प्रणालीमा भने चाँडै उपलब्ध हुने तयारी भइरहेको बोर्डले जनाएको छ। प्रयोगका क्रममा कुनै प्राविधिक समस्या आएमा बोर्डसँग सिधा सम्पर्क गर्नसमेत अनुरोध गरिएको छ।

चलचित्र विकास बोर्डको स्थापनाको २५औं वार्षिकोत्सवको अवसर पारेर सुरु गरिएको यो प्रणाली चलचित्र क्षेत्रको दीर्घकालीन सुधारतर्फको महत्वपूर्ण कदमको रूपमा लिइएको छ।

बोर्डले पुनः सबै हल सञ्चालक र सम्बन्धित पक्षहरूलाई आग्रह गर्दै, समयमै तथ्यांक पेश गर्न र आवश्यक परेमा बोर्डसँग सम्पर्क गरी सहयोग लिन आह्वान गरेको छ।

# 'मैझारो'मा मिरुनाको इन्ट्री



कलाकार तथा हास्यव्यंग्यमार्फत लोकप्रियता कमाएका विल्सन विक्रम राई 'तक्मे बुढा'को निर्देशनमा बन्ने फिल्म 'मैझारो' मा अभिनेत्री मिरुना मगर अनुबन्धित भएकी छन्। फिल्म निर्माण टिमले उनको प्रवेश औपचारिक रूपमा पुष्टि गरेको हो।

यसअघि अभिनेता धीरज मगरलाई अनुबन्ध गरिसकेको फिल्म 'मैझारो'ले अब मिरुना र धीरजको जोडीलाई पर्दामा पुनः एकपटक प्रस्तुत गर्न लागेको छ। यी दुई कलाकारले यसअघि फिल्म 'कुस्ती'मा पनि सहकार्य गरेका थिए। सो फिल्म प्रदर्शनको तयारीमै छ।

विल्सन र मिरुनाको सहकार्य भने यसअघि कबड्डी र ऊनको स्विटर जस्ता सफल फिल्महरूमा पनि भइसकेको छ। हाल मिरुना जनै हराएको मान्छेको प्रचारमा व्यस्त छन् भने 'जारी २'को छायांकन पनि सकाएकी छन्।

फिल्म मैझारोको लेखन पनि विल्सन स्वयंले गरेका हुन्। यही फिल्ममार्फत उनले निर्देशनमा डेब्यू गर्न लागेका हुन्। टिभी स्क्रिनमा 'तक्मे बुढा' नामबाट चर्चामा रहेका उनले अब ठूलो पर्दामा निर्देशन यात्रा सुरु गर्न लागेका हुन्। फिल्मको छायांकन साउनको पहिलो साता सुरु हुने बताइएको छ। पूर्वी नेपालका इलाम र पाँचथरका रमणीय स्थलहरूमा छायांकन गरिने फिल्मले त्यही क्षेत्रको जीवनशैली, संस्कृति र सामाजिक यथार्थ प्रस्तुत गर्ने लक्ष्य राखेको छ।

तक्मे प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्ममा अनमोल गुरुङ र तोरेम्पा हाङ राईको संगीत, राजेशपायल राईको स्वर र सौरभ लामाको छायांकन रहनेछ। कलाकारहरूको अन्तिम टुंगो लागेसँगै निर्माण टिमले तयारीलाई तीव्रता दिएको छ।

# रंगमञ्चमा डेब्यू गर्दै सनिशा भट्टराई



**काठमाडौं/मस–** चलचित्र '१२ गाउँ'बाट डेब्यू गर्दै छोटो समयमा नै दर्शकमाझ चर्चित बनेकी अभिनेत्री सनिशा भट्टराई अब रंगमञ्चमा देखिने भएकी छन्। उनले पारिजातको प्रसिद्ध उपन्यास 'शिरीषको फूल' मा आधारित नाटकबाट मञ्चीय अभिनयको यात्रा सुरु गर्न लागेकी हुन्।

कान्तिपुर थिएटरले आगामी साउन महिनाबाट मञ्चन गर्ने तयारी गरिरहेको उक्त नाटकमा सनिशाले मुख्य पात्र 'सकम्बरी' को भूमिका निर्वाह गर्नेछिन्। थिएटरका प्रमुख प्रकाश पुरीका अनुसार भावनात्मक तहमा गहिरिएर चरित्र बुझ्न सक्ने कलाकारको खोजीमा उनीहरूले सनिशालाई चयन गरेका हुन्।

नाटकमा सनिशाको अपोजिटमा अभिनेता जीवन लुइँटेल देखिनेछन्। नेपाली फिल्ममा दशकअघिसम्म सक्रिय रहेका लुइँटेलले 'शिरीषको फूल' मा 'सुयोगवीर' को भूमिका निभाउँदै अभिनयमा पुनरागमन गर्न लागेका हुन्। हाल अमेरिका बसोबास गरिरहेका जीवन छिट्टै नेपाल फर्कने तयारीमा छन्।

नाटकको निर्देशन कान्तिपुर फिल्म एकेडेमीकी विद्यार्थी पत्रिका घिमिरेले गर्दैछिन् भने कार्यशाला चरण सुरु भइसकेको छ। निर्देशक घिमिरेका अनुसार साउनको पहिलो साताबाट नियमित मञ्चन सुरु गरिनेछ।

'तिमीलाई हेर्ने बानी पर्‍यो', 'साइँली', 'ए हो माया' जस्ता लोकप्रिय म्युजिक भिडियोमार्फत दर्शकमा स्थापित भएकी सनिशाले चलचित्र '१२ गाउँ' बाट फिल्मी यात्रा थालेकी थिइन्। उक्त फिल्म नेपाली बक्स अफिसमा तेस्रो सर्वाधिक आम्दानी गर्ने चलचित्र बनेको थियो। हालै उनको दोस्रो फिल्म 'नरसिंहा अवतार' प्रदर्शनमा आइसकेको छ, यद्यपि यसले पहिलोजस्तो सफलता दोहोर्‍याउन सकेन।

रंगमञ्चमा पाइला राख्न पाउँदै अभिनेत्री भट्टराई उत्साहित देखिएकी छन्। सामाजिक सञ्जालमा उनले लेखेकी छन्, 'भिडियो र फिल्मको कलाकारिता हुँदै अब 'शिरीषको फूल' मार्फत रंगमञ्चमा नयाँ यात्रा सुरु गर्दैछु। सकम्बरी मेरो लागि विशेष पात्र हुनेछ।'

उनको उक्त पोस्टमा अभिनेत्री स्वस्तिमा खड्का, संगीतकार अर्जुन पोखरेलसहित अन्य कलाकारहरूले शुभकामना दिएका छन्।

# गीत गाउँदै गर्दा गायक थानेश्वर गौतम सुटिङमै ढले





काठमाडौं/मस- चलचित्र 'जनै हराएको मान्छे' को छायांकनका क्रममा गायक थानेश्वर गौतम एक्कासी बेहोस भएका छन्। मंगलबार राति बुढानिलकण्ठस्थित एक ब्यांक्वेटमा गजल गायनको दृश्य खिच्ने क्रममा उनी हार्मोनियममै ढलेका हुन्।

रातको करिब १२ बजेतिर 'आधाआधी सपनाहरू भइदिएन पूरा' बोलको गीत भावनासहित गाइरहेका बेला उनी अचानक अचेत भएका थिए। घटनापछि छायांकन स्थलमा हलचल मच्चिएको थियो। फिल्म युनिट, कलाकार र पत्रकारहरू आत्तिएका थिए। चलचित्रका सह-निर्देशक मनिष राउतका अनुसार, गायक गौतमको रक्तचाप एक्कासी घटेका कारण उनी बेहोस भएका थिए। सुटिङ स्थलमै रहेकी अभिनेत्री मिरुना मगरले सुरुमा अवस्था गम्भीर देखिएपछि आफू निकै डराएको बताइन्।

उक्त दृश्यमा अभिनेता विजय बराल वेटरको भूमिकामा थिए। निर्देशक राउतका अनुसार, यही दृश्य चलचित्रको अन्तिम सुटिङ थियो।

थानेश्वर गौतम 'अन्जिला' चलचित्रको चर्चित गीत 'रात किन हुन्छ हजुर' का गायक हुन्। त्यस्तै, 'छुट्नलाई पो रहेछ क्यारे', 'बेचेर सपना' लगायत उनका गीतहरू निकै लोकप्रिय छन्। 'जनै हराएको मान्छे' मा उनले गायकसँगै अभिनय पनि गरेका छन्।

चलचित्रमा थानेश्वरसँगै मिरुना मगर, विजय बराल र केकी अधिकारीको प्रमुख भूमिका रहेको छ। फिल्म आगामी भदौ ६ गतेदेखि प्रदर्शनमा आउँदैछ।

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**
हस्पिटललाईन शाखा, रुपन्देहीको

**सेफ डिपोजिट लकर उपर ३५ (पैंतिस) दिने हकदाबी सम्बन्धि सूचना**

प्रकाशित मिति: २०८२/०३/२६

श्री फागु मल्लाहकी बुहारी, श्री गुलाब मल्लाह/श्रीमती सुभवन्ति मल्लाहकी छोरी, श्री ज्ञानु मल्लाहकी पत्नि रुपन्देही जिल्ला बुटवल न.पा वडा नं ८ को परिवर्तित बुटवल उ.म.न.पा.वडा नं.६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. ६ बस्ने श्रीमती मोतिया मल्लाहको नाममा यस बैंकको हस्पिटललाईन शाखा कार्यालयमा सेफ डिपोजिट लकर नं. ४७२९ लिई प्रयोग गरी आउनु भएकोमा निज लकरवालाको छोरी विमला मल्लाहले श्रीमती मोतिया मल्लाहको मिति वि.सं.२०८१/१२/२४ गते मृत्यु भएको भनी मृतकको हकवाला छोरी नाताका विमला मल्लाहले उक्त यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति २०८२/०१/२२ मा आवश्यक कागजात सहित यस बैंकको हस्पिटललाईन शाखा कार्यालयमा निवेदन दिनु भएको हुँदा निज मृतकको नाममा यस बैंकमा रहेको सेफ डिपोजिट लकरमा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०८१ तथा प्रचलित कानून बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको हस्पिटललाईन शाखा कार्यालय, बुटवल, रुपन्देहीमा हकदाबी गर्न आउनु होला। अन्यथा सो म्यादभित्र हकदाबी गर्न नआएमा प्रचलित कानून बमोजिम निवेदकको दावी बमोजिम निजको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL

**साउदीमा रोजगार** कम्पनीः AL-ZABIN AND AL-DAKHEEL ALLAH CONTRACTING COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/११/१५ चलानी नं.: ६०२३३५९० LT. No.: 319416 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Workers | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १ गते (17 July 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

OMEGA POWER MINDS PVT.LTD. Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

**कम्पनीको नाम परिवर्तन भएको सुचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०३/२६

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता रहेको ओम एक्स. ग्लोबल प्रा.लि. (प्रा.लि.नं. ३२१९८८/८०/८१) नामक कम्पनीको मितिः २०८२/०२/१६ गतेको विशेष साधारण सभाको निर्णयले कम्पनीको नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्योहोर्न पर्ने कर, दायित्व आदि सबै परिवर्तित नाम प्राईम गोर्खा एक्सप्रेस प्राईभेट लिमिटेडले सकार्ने व्योहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा पेश गरी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८२/०२/२९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन भई प्राईम गोर्खा एक्सप्रेस प्राईभेट लिमिटेड (Prime Gurkha Express Private Limited) भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/२६

**एस.आर.के. नेपाल प्रा.लि.** को मिति २०७८/११/१७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस.आर.के. ओभरसिज नेपाल प्रा.लि. (दर्ता नं. १६४११०/०७३/०७४)** कायम गर्ने गरी मिति २०७९/०२/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **हेभन ओभरसिज प्रा.लि.(श्रम इजाजत पत्र नं. ३७७/०५९/०६०)** मा कार्यरत कर्मचारी अबदुल मनान खान पद मार्केटिङ्ग एक्जुक्युटिभ अफिसरलाई मिति २०८१ पुस १ गते देखि यस कम्पनीबाट हटाइएको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। साथै निज व्यक्तिसँग यस कम्पनीको हैसियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला। यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ।

हेभन ओभरसिज प्रा. लि.
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com

**एनएमबि बैंक लिमिटेड,**
बबरमहल, काठमाडौं फोन नः ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८२/०३/२६

यस बैंकको निक्षेपकर्ता स्वः हर्क वाहादुर विजुक्छे को नाती स्वः भैरव नारायण विजुक्छे को छोरा, स्वः सकुन्तला विजुक्छे को श्रीमान्, कास्की जिल्ला, पोखरा महानगरपालीका वडा नं ३ बस्ने वर्ष ७० को **केशव वाहादुर विजुक्छे** (ना.प्र.प.नं४६-०१-७७-०४४७० - कास्की जारी मिति २०७७-१०-२७) को मिति २०८२/०२/०८ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा हकवाला रहेको र उहाँको श्रीमती सकुन्तला विजुक्छे को पनि मिति २०७४/०२/०३ गते निधन भएको भनि निजको छोरा रिकेश विजुक्छे ले खातामा रहेको रकम उपलब्ध गराई दिनुहोस भनी मागदावी गर्नु भएको र मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणित प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा नियम अनुसार हकलाग्ने हकवालाहरुले सप्रमाण सहित ३५ दिनभित्र हकदावी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको मागबमोजिम मृतकको छोरा रिकेश विजुक्छेको हककायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

प्रकाशित मिति : २०८२/03/२६ गते

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको मालवस्तुहरुको खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपशिल

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | उत्पतिको मुलूक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य रु. | अधिकतम खुद्रा बिक्री मूल्य रु. (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Smart TV | 32 INCH LED TV | PALSONIC | 32TX20-7 | INDIA | PCS | 16,500.00 | 16,500.00 | |
| 2 | Smart TV | 43 INCH LED TV | PALSONIC | 43TX20-7 | INDIA | PCS | 32,500.00 | 32,500.00 | |

ए.जि.आर इण्डस्ट्रीज प्रा.लि., नयाँबाटो, ललितपुर, फोन नं. ९८०१८९९९९० स्थायी लेखा नं. ६०५९३३२७५

# अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी, प्रशिक्षक र व्यवस्थापक पुरस्कृत



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त खेलाडी र सम्बद्ध प्रशिक्षक तथा व्यवस्थापकलाई आज सम्मान तथा पुरस्कार प्रदान गरेका छन् ।

प्रधानमन्त्री निवास, बालुवाटारमा युवा तथा खेककुद मन्त्रालयद्वारा आयोजित कार्यक्रममा गत कात्तिक ७ देखि १२ गतेसम्म जापन उसु ताइजी महासंघको आयोजनामा जापानमा भएको तेस्रो थाउलो वर्ल्डकपमा कांस्य पदक विजेता विजय सिँजालीलाई प्रधानमन्त्री ओलीले नगद ६५ लाख रुपैयाँ पुरस्कारसहित प्रमाणपत्र प्रदान गरे ।

यस्तै प्रधानमन्त्री ओलीले गत फागुन २० देखि २५ गतेसम्म इरानमा भएको छैटौं एसियन कबड्डी च्याम्पियन (महिला) तर्फ कांस्य पदक विजेता मनमती विष्टसहितलाई एक लाख ५० हजार रुपैयाँका दरले पुरस्कार प्रदान गरे ।

सोही अवसरमा असोज २० देखि २६ गतेसम्म श्रीलंका भलिबल संघको आयोजनामा श्रीलंकामा भएको 'काभा यु-२०' पुरुष भलिबल च्याम्पियनसिपमा रजत पदक विजेता अर्जुन नेपालीसहितलाई तीन लाख रुपैयाँका दरले पुरस्कार दिइएको छ। उनीहरुलाई राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को व्यवस्थाबमोजिम यही असार ९ गतेको मन्त्रिपरिषद्को बैठकको निर्णयबाट सम्मान तथा नगद पुरस्कार प्रदान गरिएको हो ।

साथै, यही असार ८ देखि २१ गतेसम्म मलेसियामा भएको 'एसिसी यु-१६ इस्ट जोन कप' क्रिकेट प्रतियोगितामा सिंगापुरलाई हराएर उपाधि जित्न सफल विपिनप्रसाद शर्मासहितको टोलीलाई प्रधानमन्त्री ओलीले बधाई तथा स्वागत गरे ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले खेल क्षेत्रको विकासका लागि उच्च प्राथमिकता दिएको बताउँदै लगनशील भई व्यावसायिक हिसावले समर्पणभावका खेलजगतमा रमाउनसके सफलता प्राप्त हुने विश्वास व्यक्त गरे।

'हामीले संगठित रुपले खेल क्षेत्रलाई अगाडि बढाएको धेरै भएको छैन । अहिले सरकारले खेलको विकासका लागि उच्च ध्यान दिएको छ भने अब खेलाडी व्यावसायिक रुपमा अगाडि बढेका छन्,' प्रधानमन्त्री ओलीले भने, 'म देशको परिचय र प्रतिष्ठालाई माथि उठाउन योगदान दिने खेलाडी, प्रशिक्षक लगायतलाई धेरै धेरै धन्यवाद र बधाई दिन्छु ।'

खेलाडीहरु अब खेल खेलेरे बाँच्न सकिन्छ भन्ने स्तरमा पुगेको उनले बताए । उनले पहिला व्यावसायिक खेलाडी वा सम्पूर्ण रुपमा खेलमै समर्पित खेलाडी हुनसक्ने स्थिति नरहेकोमा अहिले समर्पित खेलाडी हुनसक्ने परिस्थिति निर्माण भएको बताए । परिणामतः नेपालले सफलता हासिल गर्दै गएको उनले जिकिर गरे ।

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले सरकारले आगामी आर्थिक वर्षका लागि यस वर्षकोभन्दा करिब दोब्बर बजेट विनियोजन गरेको र कीर्तिपुरमा निर्माण भइरहेको क्रिकेट खेल मैदानको काम करिब अन्तिम चरणमा पुगेसँगै मुलुकको खेलकुद क्षेत्र उत्साहित भएको बताए ।



कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान स्तरोन्नतिको काम धमाधम भइरहेको छ । यसै क्रममा फ्लडलाइटको टावर काठमाडौं आइपुगेका छन् ।

## कप्तान विवादको केन्द्रमा प्रशिक्षक वाइल्ड

# नेपालमै सुरु भएको विवाद उज्बेकिस्तानमा चुलियो




**काठमाडौं/मस–** नेपाली महिला राष्ट्रिय फुटबल टोलीको कप्तान चयनसँग सम्बन्धित विवाद अझै सेलाएको छैन । एएफसी महिला एसियन कप २०२६ छनोट खेलका क्रममा उज्बेकिस्तान गएकी नेपाली टोलीभित्र कप्तान चयनसम्बन्धी निर्णय प्रक्रियामा देखिएको अनिर्णय र अस्पष्टताले प्रशिक्षकको भूमिकामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

बुधबार अखिल नेपाल फुटबल संघ (एन्फा) ले पत्रकार सम्मेलन गरी उक्त विवादबारे स्पष्टिकरण दिएको छ। सम्मेलनमा टोली व्यवस्थापनकी सदस्य तथा उज्बेकिस्तान भ्रमण टोलीकी 'हेड अफ डेलिग्रेसन' सरिला श्रेष्ठले कप्तान चयनसम्बन्धी विवाद नेपालमै सुरु भएको खुलासा गरिन्। श्रेष्ठका अनुसार नेपालबाट नै कप्तान तोकेर जानुपर्ने प्रस्ताव राख्दा मुख्य प्रशिक्षक प्याट्रिक डी वाइल्डले अस्वीकार गरेका थिए । 'हामीले नेपालमै कप्तान तोक्नुपर्छ भनेका थियौं, तर उहाँले उता गएपछि निर्णय गर्छौं' भन्नुभयो,' श्रेष्ठले भनिन् ।

उज्बेकिस्तान पुगेपछि समेत प्रशिक्षक वाइल्डले कप्तानको नाम सार्वजनिक गर्न आलटाल गरे । 'खेल सुरु हुन ९० मिनेट मात्र बाँकी रहँदा म्याच कमिसनरले कप्तानसहितको टिम लिस्ट मागिरहँदा पनि उहाँले प्रस्ट रूपमा केही भन्नुभएन,' श्रेष्ठले आरोप लगाइन् ।

प्रशिक्षकले भिडियो देखाएर टिम लिस्ट हेर्न भनेपनि त्यसमा कप्तान को हो भन्ने उल्लेख थिएन । अन्ततः व्यवस्थापनले वरिष्ठ खेलाडी रेनुका नगरकोटीलाई कप्तान बनाएर टिम लिस्ट एएफसीलाई बुझाएको श्रेष्ठ बताउँछिन्। तर, खेल सुरु हुनुअघि प्रशिक्षकले अचानक सावित्रा भण्डारी 'साम्बा' कप्तान भएको जानकारी गराएको उनी बताउँछिन् ।

'हामीलाई कसैले कप्तानी गऱ्यो भने आपत्ति थिएन, तर समयमै निर्णय नगरी पछि विवाद निम्त्याउने काम प्रशिक्षकबाट भयो,' श्रेष्ठले भनिन् ।

श्रेष्ठका अनुसार म्याच कमिसनरले बारम्बार कप्तानको नामबारे प्रश्न गर्दा समेत प्रशिक्षकले गम्भीरता नदेखाएको आरोप लाग्यो । 'उहाँले कसैको कुरा सुन्नुभयो नै,' श्रेष्ठको भनाइ थियो ।

यता सहायक प्रशिक्षक राजेन्द्र तामाङका अनुसार प्रशिक्षक वाइल्डले नेपालमै हुँदा गोलकिपर कप्तान हुन नसक्ने भन्दै अञ्जिला सुब्बालाई कप्तानबाट हटाउने संकेत दिएका थिए । 'कहिले साम्बा, कहिले गीता रानाको नाम उहाँले लिनुहुन्थ्यो, तर अन्तिम निर्णय कहिल्यै गरेनन्,' तामाङले बताए । कप्तानको जिम्मेवारी निर्धारणबारे प्रशिक्षकले ढिलासुस्ती गर्दा एएफसीको प्रोटोकल नै मिचिएको आरोप छ। 'म्याच सुरु हुन ९० मिनेटअघि कप्तानसहितको प्लेइङ ११ बुझाउनु पर्ने नियम छ । तर प्रशिक्षकले त्यसलाई बेवास्ता गरे,' तामाङको भनाइ छ ।

नियमअनुसार कप्तानको नाम नपुगे जरिवाना हुने डरले व्यवस्थापनले अन्ततः रेनुकाको नाम एएफसीलाई पठाएको थियो। तर मैदानमा कप्तानी आर्मब्यान्ड सावित्रा भण्डारीले लगाइन् । यसले गर्दा मैदानभित्र र बाहिर दुवै तहमा अन्योल उत्पन्न भयो।

बेल्जियन नागरिक तथा प्रो लाइसेन्सधारी प्रशिक्षक वाइल्डले आफ्नो अनुभव अनुसार निर्णय गरेको दाबी गरिए पनि, उनको ढिलासुस्ती र अस्पष्टताले नेतृत्व क्षमतामाथि प्रश्न उठेको छ । एन्फा भने वाइल्डकै निर्देशनमा काम गरिएको बताउँदै आफूहरू जरिवानाबाट बच्न बाध्य भएको स्पष्टिकरण दिँदै आएको छ ।

एन्फाका प्राविधिक निर्देशक हरि खड्काका अनुसार वाइल्ड अहिले बेल्जियम फर्किएका छन् र उनलाई सम्पर्क गरेर भविष्यमा उनी नेपाली टिमको प्रशिक्षक रहने नहुनेबारे छलफल भइरहेको छ ।

विश्व फुटबलमा प्रशिक्षकले नै कप्तान तोक्ने चलन रहेको छ। जस्तै, पोल्यान्डका प्रशिक्षक मिखाल प्रोबिएर्जले स्टार खेलाडी रोबर्ट लेवान्डोस्कीलाई कप्तानीबाट हटाई अर्को खेलाडीलाई जिम्मेवारी दिएका थिए । तर, नेपालको सन्दर्भमा प्रशिक्षक निर्णय लिनै नसक्ने अवस्थामा देखिनु आफैंमा गम्भीर चिन्ताको विषय भएको फुटबल विश्लेषकहरू बताउँछन् ।

विवाद यति गहिरिएको अवस्थामा प्रशिक्षक वाइल्ड अब नेपाल फर्किने सम्भावना न्यून देखिएको छ । व्यवस्थापनले उनलाई मुख्य जिम्मेवार मानेको छ भने प्रशिक्षक पक्षबाट आधिकारिक प्रतिक्रिया आउन बाँकी नै छ ।

महिला फुटबलका लागि एएफसी एसियन कप छनोट महत्त्वपूर्ण अवसर भए पनि यसले टोलीको आन्तरिक व्यवस्थापन, संचार र निर्णय प्रक्रियामा गम्भीर त्रुटि देखाएको छ ।

# लेभल वान कोचिङ कोर्ष सुरु




**काठमाडौं/मस–** अखिल नेपाल टेबलटेनिस संघको आयोजनामा लेभल वान कोचिङ कोर्ष बुधबारदेखि लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा सुरु भएको छ ।

अन्तर्राष्ट्रिय टेबलटेनिस महासंघ (आईटीटीएफ) को वार्षिक क्यालेन्डर अनुसार भएको कोर्षमा पारासहित नेपालका २८ र भारतका २ गरी ३० प्रशिक्षार्थीको सहभागिता रहेको आयोजक संघका महासचिव कुबेरप्रकाश सिंहले जनाएका छन् । महासचिव कुबेरका अनुसार सातै प्रदेशको सहभागिता रहने गरी प्रशिक्षार्थी समावेश गरिएको छ ।

नेपालबाट संयोग कपाली, विपुल महर्जन, रितिज जोशी, कृष्ण थापा मगर, आशिप अवाले, रिजन गोथे, सुजन गडाल, दिवस जेठारा, राहुल शाह, रोशन श्रेष्ठ, अजय श्रेष्ठ, दीपक गिरी, नारायण घिमिरे, कपिल थापा मगर, रोशन अधिकारी, विवेक राई, दिपेश राना, सिखा सुवाल श्रेष्ठ, वियन्का राई, इभाना थापा, आश्मा पहाडी, नविता श्रेष्ठ, रविना देसार, रायकोशी शाही, अन्जु सुवाल, सोनिका ढकाल, एश्वस्वी अवाल र अजय विक सहभागी छन् । भारतबाट निथिन हरिदास सुदर्शाने भेलायोदमले भाग लिएको संघका कोषाध्यक्ष ज्याकी महर्जनले जनाएका छन् ।

कोर्ष आईटीटीएफका डेभलोप्मेन्ट प्रोग्राम म्यानेजर बेन होज माब्रुक रामजीले सञ्चालन गर्ने छन् ।

कोर्षको राष्ट्रिय खेलकुद परिषद्का सदस्य जगतसिंह धामीले एक कार्यक्रमबीच उद्घाटन गरे । सो अवसरमा आयोजक संघका अध्यक्ष वृजेन्द्रबहादुर हमाललगायतको उपस्थिति रहेको थियो । कोर्ष असार २९ गतेसम्म सञ्चालन हुनेछ ।


## नेपाल भारोत्तोलन संघको पाँचौ वार्षिक साधारण सभा तथा निर्वाचन सम्बन्धी सूचना

नेपाल भारोत्तोलन संघको पाँचौ वार्षिक साधारण सभा तथा निर्वाचन सभा (Electoral Congress) तपसिल बमोजिमको स्थान तथा मितीमा आयोजना हुने भएको हुँदा यस भारोत्तोलन संघबाट मान्यता प्राप्त प्रत्येक जिल्ला संघ भारोत्तोलन संघ १ जना तथा प्रदेश संघबाट १ जना प्रतिनिधी जिल्ला संघको आधिकारीक पत्र सहित र केन्द्रीय भारोत्तोलन संघका पदाधीकारी तथा सदस्यज्यूहरू काठमाण्डौंमा उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछौ ।

**मिति** :- २०८२ साल श्रावण १५ गते बिहीबार
**स्थान** :- काठमाण्डौं सम्पर्क :- ९८४२८२५६०९, ९८५१०५२६०७
**पुनश्च** :- सहभागी प्रतिनिधीहरू श्रावण १४ गते बुधबार वा श्रावण १५ गते बिहीबार बिहान ८ बजे काठमाण्डौ आइपुग्नु पर्नेछ ।

**नेपाल भारोत्तोलन संघ**

## काठ तथा दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मितिः २०८२/०३/२६**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको साल लगायत जातको गोलिया थान ७२१ को ४१२४.९१ घ.फि. काठ तथा साल जातको ९.०० चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**फर्दङ्गा सा.व.उ.स., मधुवन-२, बर्दिया**

## युएईमा रोजगार

कम्पनीः HIGH ACCESS TECHNICAL SERVICES L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/११/१३ — चलानी नं.: ६०२३३५७५ — LT. No.: 319353 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 4 | 0 | स. काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः GBH INTERNATIONAL FACILITIES MANAGEMENT L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०९/१२ — चलानी नं.: ६०२१२२५६ — LT. No.: 297246 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 37 | 0 | स. काममा दक्ष | 1500 | ५५,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १ गते (17 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
ISO 9001 : 2015

## बहराइन र यूएईमा रोजगार

कम्पनीः ALRAYAH FOR SAFETY ITEMS WLL — शहरः BAHRAIN
पुर्व स्वीकृत मितिः २०८२/०३/१० — चलानी नं.: ६०२४०५०१ — L.T. No.:326038

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cctv Operator | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५४४४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Light | 5 | 0 | | 150 | ५४४४२ | | | | | | | |
| 3. | Heavy Driver/driver | 3 | 0 | | 170 | ६१७०१ | | | | | | | |
| 4. | Security Guards | 85 | 5 | | 120 | ४३५५४ | | | | | | | |

कम्पनीः ALTAFADOL BUILDINGS MAINTENANCE L.L.C — शहरः UAE,AJMAN
पुर्व स्वीकृत मितिः २०८१/१२/०६ — चलानी नं.: ६०२३५६१७ — L.T. No.:320538 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 50 | 0 | स. काममा दक्ष | 1200 | ४४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १ गते (17 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Fair Connect Resource Pvt. Ltd.
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Dhumbarahi-4, Manakamana Galli, Kathmandu Nepal, Tel :- 00977-1-5905737, Email :- agencyfcr@gmail.com

## यूएईमा रोजगार

कम्पनीः PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C., UAE
पूर्व स्वीकृत मितिः 2024/10/24 — चलानी नं.: 60227141 — LT. No.: 312708 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 32 | 0 | स. काममा दक्ष | 800 | २९,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ साउन १ गते (17 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Blue Bird Overseas Pvt. Ltd — License No.: 308/059/060
Kalopul-30, Kathmandu, Nepal | Phone: +977-01-4536802, 4538634, 4538935, Mob: +977-9802050571
E-mail : info@bluebirdoverseas.com, Web : www.bluebirdoverseas.com

## यूएईमा रोजगार

कम्पनी : RAJBHAT HOSPITALITY SERVICES L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/२९ — चलानी नं.: ६०२३१२९६ — LT. No.: 317023 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 4 | 0 | स. काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १ गते (17 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD. — Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

## UAE मा रोजगारको अवसर

Valtrans Transportation Systems & Services LLC
पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८०/१०/१५ — चलानी नं. ६०२१३९८३ — LT No.: 299003

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Signal Operator | 60 | काममा दक्ष | 1450 | ५४,१७०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता २०८२ साउन ५, ६ र ७ गते (21, 22 & 23 July, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

R. B. OVERSEAS PVT. LTD. — Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 9801039447, 9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com

## कतारमा रोजगार

कम्पनीः RWZA BYANKA BYWTY SALWN — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८१/१२/१४ — चलानी नं.: ६०२३५३९० — LT. No.:321249 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautican | 0 | 2 | स. काममा दक्ष | 1700 | ६३,८१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १ गते (17 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Sky Of The World Manpower Pvt. Ltd.
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9860049528, 9808840910, 9860924657, 9851068774, 9851035867. E-mail : info@skymanpower.com.np Web.www.skymanpower.com.np

मौद्रिक नीतिको तयारीमा राष्ट्र बैंक

# मनोबल बढाउने नीति ल्याउन व्यवसायीको माग



**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ असार ।

नेपाल राष्ट्र बैंक आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अन्तिम तयारीमा छ । सरकारले वित्त नीतिमार्फत् लिएको छ प्रतिशतको आर्थिक वृद्धि र साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीतिलाई सघाउनेगरी राष्ट्र बैंकले मौद्रिक नीति ल्याउनेछ। कर्जा विस्तार गर्ने, खराब कर्जा घटाउने, ब्याजदर सन्तुलन, बाह्य क्षेत्र व्यवस्थापनलगायत विषय पनि मौद्रिक नीतिको प्राथमिकता रहेका छन्। आगामी आर्थिक वर्षको मौद्रिक नीतिबाट निजी क्षेत्रले राखेका अपेक्षाअनुसार यस क्षेत्रका दुई छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघले राष्ट्र बैंकलाई सुझाव दिइसकेका छन् ।

महासंघले अर्थतन्त्रमा देखिएको शिथिलता, वित्तीय क्षेत्रको जोखिम र अनौपचारिक क्षेत्रको ठूलो हिस्सालाई केन्द्रविन्दुमा राख्दै सुधारोन्मुख अर्थतन्त्रलाई गति दिन, निजी क्षेत्रको मनोबल बढाउन र सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमलाई सम्बोधन गर्नेगरी नीतिगत सुधारमा जोड दिएको छ।

त्यस्तै, परिसंघले न्यून बजार मागलाई उकासेर आर्थिक गतिविधि बढाउने, मौद्रिक नीतिगत अभ्यासमा सुधार गर्ने र राष्ट्र बैंकको संरचनागत सुधार गर्नुपर्ने सुझाव दिएको छ। आगामी मौद्रिक नीतिले निजीक्षेत्रलाई लगानीका लागि प्रोत्साहित गर्ने, बजारको आत्मविश्वास उकास्ने र यसबाट नयाँ रोजगारी सिर्जना तथा बजार माग वृद्धिमार्फत अर्थतन्त्रको पुनरुत्थानमा सहयोग पुग्ने अपेक्षा परिसंघको छ ।

कर्जा पुनर्तालिकीकरण र पुनःसंरचनाका लागि आगामी आर्थिक वर्षको बजेटमा राखिएको व्यवस्थालाई कार्यान्वयन गर्न मौद्रिक नीतिमा ठोस कार्यक्रम समावेश गर्न राष्ट्र बैंकलाई सुझाव दिइएको छ । यो सुविधा सबै उद्योग-व्यवसायका लागि उपलब्ध गराउनुपर्ने, थप कार्यशील पुँजी प्रवाह र ब्याज जरिवानामा सहुलियतको व्यवस्थालाई स्पष्ट पारी प्रभावकारी रूपमा लागू गर्नुपर्ने सुझाव दिइएको छ ।

उत्पादनमूलक, पर्यटन, निर्माण उद्योग र आवास विकास कम्पनीका लागि सरल तथा सुलभ तरिकाले कार्यशील पुँजी कर्जा उपलब्ध गराउन सहजीकरण गर्नुपर्ने, व्यवसायको प्रकृतिअनुसार चालु पुँजी कर्जाको निर्णय गर्ने अधिकार सम्बन्धित बैंक र ऋणीहरूलाई दिनुपर्नेलगायत सुझाव महासंघले राष्ट्र बैंकलाई दिएको छ ।

नेपाल सन् २०२६ भित्रमा अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइसक्नुपर्ने सन्दर्भमा लघु, घरेलु, साना र महिलाद्वारा सञ्चालित निर्यातजन्य उद्योगको प्रतिस्पर्धी क्षमता कायम राख्न यस्ता क्षेत्रलाई सहुलियत कर्जा उपलब्ध गराउने नीतिगत व्यवस्थाका लागि पनि महासंघले माग गरेको छ । महिला उद्यमशीलता कर्जालाई उत्पादनसँग जोडेर ब्याज अनुदानको व्यवस्थालाई व्यवस्थित गर्नुपर्ने र पाँच करोड रुपैयाँसम्मको कर्जामा अधिकतम दुई प्रतिशत प्रिमियम दरमा कर्जा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने सुझाव महासंघले दिएको छ ।

युवा उद्यमशीलता प्रवर्द्धनका लागि जेन-जी पुस्तालाई व्यवसायमा आकर्षित गर्न नागरिक एपमार्फत व्यवसाय दर्ता र एक करोड रुपैयाँसम्मको परियोजना कर्जा उपलब्ध गराउन पनि महासंघले माग गरेको छ । औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउने व्यक्तिको नेपालस्थित आश्रित परिवारलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्ने, हालको लक्षित कर्जा नीतिलाई परिमार्जन गरी उत्पादनमूलक उद्योग, पर्यटन र पूर्वाधारलाई प्राथमिकतामा राखेर निर्देशित नीति बनाउनुपर्ने, बैंक तथा वित्तीय संस्थाको गैरव्यावसायिक सम्पत्ति बढ्दै गएको सन्दर्भमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना र सञ्चालन गर्नुपर्ने सुझाव पनि महासंघले दिएको छ ।

त्यस्तै, आवासीय घर कर्जाको सीमा दुई करोड रुपैयाँबाट बढाएर तीन करोड रुपैयाँ पुर्‍याउन पनि महासंघले राष्ट्र बैंकलाई आग्रह गरेको छ । 'प्राइभेट इक्विटी' र 'भेन्चर क्यापिटल'मा बैंकको लगानीमा अतिरिक्त पुँजी शुल्क नलाग्ने व्यवस्था गर्नुपर्ने तथा यस्ता कोषमा गरिएको लगानीलाई निर्देशित क्षेत्रमा कर्जा प्रवाह गरेसरहको मान्यता दिनुपर्ने महासंघले राष्ट्र बैंकलाई दिएको सुझावमा उल्लेख छ ।

नेपाल उद्योग परिसंघले ब्याजदरलाई राष्ट्र बैंकको उद्देश्यअनुरूप अनुशासित गर्नसक्ने गरी नीतिगत दरलाई प्रभावकारी बनाउने, हाल कायम रहेको वैधानिक तरलता अनुपात (एसएलआर) घटाउने, बैंक ब्याजदर निर्धारणका लागि आधार दरको विकल्प खोजिनुपर्ने, आधार दर (बेसरेट) भन्दा कममा बैंकहरूले कर्जा दिन नपाउने व्यवस्था खारेज गर्नुपर्नेलगायत सुझाव राष्ट्र बैंकलाई दिएको छ ।

त्यस्तै, मुद्दती र बचत निक्षेपमा विद्यमान न्यूनतम तथा अधिकतम ब्याजदर अन्तर पाँच प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था हटाउनुपर्ने, ब्याजदरमा पुनरावलोकन गर्दा अघिल्लो महिनाको ब्याजदरभन्दा १० प्रतिशतभन्दा बढीले र एकपटकभन्दा बढी घटाउन वा बढाउन नपाउने व्यवस्थालाई खारेज गरिनुपर्ने सुझाव पनि परिसंघले राष्ट्र बैंकलाई दिएको छ ।

हाल कार्यान्वयनमा रहेको शून्य दशमलव ५ प्रतिशतको काउन्टर साइक्लिकल क्यापिटल बफर (सिसिबी)लाई स्थगन गर्नुपर्ने र प्राथमिकताप्राप्त क्षेत्रमा लगाइएको निर्देशित कर्जा (डिरेक्टेड ल्याण्डिङ) को सीमा घटाउने सुझाव पनि परिसंघबाट आएको छ । राष्ट्र बैंकको सञ्चालक समितिको संरचनामा सुधार गर्नुपर्ने सुझाव पनि परिसंघको छ । 'राष्ट्र बैंकको सञ्चालक समितिमा सञ्चालकका रूपमा नियुक्त गरिने सदस्यहरु पहुँचका आधारमा नभएर विज्ञताका आधारमा नियुक्त गर्न आवश्यक छ। यसले केन्द्रिय बैंकको साख र भूमिकालाई थप प्रभावकारी बनाउनेछ', परिसंघले राष्ट्र बैंकमा बुझाएको सुझावमा भनिएको छ ।

त्यस्तै, मौद्रिक नीति बनाउन राष्ट्र बैंकभित्र छुट्टै समिति गठन गरिनुपर्ने, ऋणीको नियमन तथा अनुगमनको निर्णयाधिकार बैंकहरुलाई दिनुपर्ने, निष्क्रय कर्जाको वर्गीकरण तथा त्यसअन्तर्गत समूहको कर्जाका सम्बन्धमा गरिएका सम्पूर्ण नयाँ प्रावधानहरू खारेज गरिनुपर्नेलगायत सुझाव परिसंघले दिएको छ। चालु पुँजी कर्जाको प्रावधान तत्काललाई स्थगन गरिनुपर्ने माग पनि परिसंघको छ । बजार माग बढाउन र बजेटका उद्देश्य पूरा गर्न मौद्रिक नीति समन्वयात्मक ढङ्गले आउनुपर्नेमा परिसंघले जोड दिएको छ। ऋणीलाई कालोसूचीमा राख्ने अवधिमा पुनरावलोकनका लागि पनि परिसंघले राष्ट्र बैंकलाई सुझाव दिएको छ ।

## समयमै ११ ठेक्का सम्पन्न गर्ने निर्माण व्यवसायी पौडेल सम्मानित



**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २६ असार ।

अर्घाखाँची जिल्लामा रहेको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यलयमा काम गर्ने क्रियाशील निर्माण व्यवसायीहरू मध्ये निर्माण सम्पन्न गर्नु पर्ने समयभन्दा अगावै निर्माण कार्य सम्पन्न गर्ने सूचीको अग्रपङ्तीमा परिचित नाम हो लुम्बिनी निर्माण सेवा । जसका सञ्चालक हुन् सन्धिखर्क ८ का सन्चालक नारायण पौडेल ।

व्यवसायी पौडेलले जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अर्घाखाँची अन्तर्गत जरेखोला बगाले पाँचसय फाँट सिँचाइ योजना सन्धिखर्क- ४ र छत्रदेव- ६ को कार्य निर्माण सम्पन्न गर्नु पर्ने म्याद १ वर्ष रहेकोमा २ महिना १८ दिनमा सम्पन्न गरी आफूलाई अब्बल निर्माण व्यवसायिको रूपमा स्थापित गरेका छन् ।

देशभर निर्माण व्यवसायीले कामहरू लथालिंग बनाइ अलपत्र पारेको समाचार आइरहेको बेलामा यस्ता व्यवसायीका कारण सो क्षेत्रको गरिमालाई कायम राखेको भन्दै स्थानीयले खुशी व्यक्त गरेका छन्। डिभिजन कार्यालयले आर्थिक वर्ष ०८०/८१ समय भन्दा अगाडि काम सम्पन्न गर्ने दुई जना व्यवसायी लुम्बिनी निर्माण सेवा सन्धिखर्क ८ अर्घाखाँची र भिजन निर्माण सेवा प्यूठानलाई सम्मान गरिएको डिभिजन प्रमुख भेषराज भुसालले जानकारी दिए। निर्माण व्यवसायीलाई समयमा काम सम्पन्न गर्न केही हदसम्म हौसला जागोस भन्ने उद्देश्यले सम्मानको आयोजना गरिएको डिभिजन कार्यालयले जनाएको छ । लुम्बिनी निर्माण सेवाले सिँचाइ कार्यालय अन्तर्गत आर्थिक वर्ष ०८१/८२ मा साना ठूला गरी ११ वटा ठेक्का सम्झौता गरी सम्पन्न गरेको थियो ।

जरेखोला बगाले पाँचसय फाँट सिँचाइ योजना सन्धिखर्क-४ र छत्रदेव-६ को निर्माण कार्य २०८१ चैत्र २७ गते सम्झौता भई २०८२ चैत्र मसान्त सम्म ठेक्का म्याद भएकोमा उक्त काम २०८२ असार १३ गते सम्पन्न गरी निर्माण व्यवसायीले डिभिजनलाई हस्तान्तरण गरेका थिए । उक्त योजना, वहुवर्षीय ठेक्का अन्तर्गत रहेको र सो योजनामा शुरु विनियोजन रकम कम भएता पनि प्रदेश सरकारबाट रकमान्तर भइ कार्यालयबाट केही थोरै रकम बाहेक सबै रकम समयमै भुक्तानी गरिएको छ ।

## लुम्बिनी विकास बैंकको १८औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न

**काठमाडौं/मस** – लुम्बिनी विकास बैंक लिमिटेडले आफ्नो १८औँ वार्षिकोत्सव विविध सामाजिक र संस्थागत कार्यक्रमसहित सम्पन्न भएको छ । बैंकले रक्तदान कार्यक्रम र बैंकको विभिन्न जिम्मेवारीमा रहेर २० वर्ष भन्दा बढी योगदान गरेकालाई सम्मान गर्दै वार्षिकोत्सव मनाएको हो ।

बैंकले केन्द्रीय कार्यालय डिल्लीबजार र पोखराको न्युरोड शाखामा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । दुवै स्थानमा सम्पन्न रक्तदान कार्यक्रममा १५६ जनाले रक्तदान गरेका थिए ।

त्यस्तै, वार्षिकोत्सव कार्यक्रमको अवसरमा २० वर्षभन्दा बढी समय विभिन्न तह र जिम्मेवारीमा रही सेवा दिएका कर्मचारीहरूलाई सम्मान पनि गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथिहरू बैंकका अध्यक्ष चिन्तामणि भट्टराई र कार्यबाहक प्रमुख कार्यकारी अधिकृत उमेश रेग्मीले संयुक्त रूपमा दीर्घ सेवा पदक तथा मायाको चिनो प्रदान गरेका थिए ।

कार्यक्रममा कार्यबाहक प्रमुख कार्यकारी अधिकृत रेग्मीले शुभकामनासहित स्वागत मन्तव्य राखेका थिए भने सञ्चालक केशव खतिवडाले पनि शुभकामना व्यक्त गरेका थिए। अध्यक्ष भट्टराईले बैंकप्रति विश्वास राख्ने ग्राहक, शेयरधनी तथा समर्पित कर्मचारीहरूलाई धन्यवाद दिँदै आगामी दिनहरूमा अझ उत्कृष्ट सेवा दिन प्रतिबद्ध रहेको बताएका थिए ।

## नेपाल टेलिकमले ल्यायो 'मनसुन अफर २०८२'

**काठमाडौं/मस** – नेपाल टेलिकमले आफ्ना ग्राहकहरूको डिजिटल आवश्यकता तथा सन्तुष्टिलाई केन्द्रमा राख्दै 'मनसुन अफर २०८२' सार्वजनिक गरेको छ। कम्पनीले असार २६ गतेदेखि लागू हुनेगरी विभिन्न आकर्षक भ्वाइस, डाटा र एसएमएस प्याकेजहरू उपलब्ध गराउने भएको हो ।




टेलिकमले 'ग्राहक सेवामा समर्पित' भन्ने नारालाई आत्मसात गर्दै ग्राहकको प्रतिक्रिया र आवश्यकतालाई ध्यानमा राखी नयाँ अफर ल्याएको जनाएको छ। अफर अन्तर्गत शारीरिक तथा मानसिक रूपमा फरक क्षमता भएका व्यक्तिहरूलाई लक्षित गरी बोनस प्याकेजसमेत उपलब्ध हुने जनाइएको छ । साथै, अफरमा 'सजिलो अनलिमिटेड ६९९' र 'सजिलो अनलिमिटेड ७९९' प्याकेजमा ३० प्रतिशतसम्म छुट दिने भएको छ ।

# हिमालयन एभरेष्ट इन्स्योरेन्सलाई दुई अवार्ड

**काठमाडौं/मस** – हिमालयन एभरेष्ट इन्स्योरेन्स (एचइआई) ले अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्ठित दुई अवार्ड जित्दै नेपाली बीमा क्षेत्रको छवि उजागर गरेको छ । जुलाई ९, २०२५ मा सिंगापुरमा आयोजित विशेष समारोहमा कम्पनीलाई 'डोमेस्टिक जनरल इन्स्योरेर अफ दि एअर' र 'इन्स्योरेन्स प्रडक्ट इनोभेशन अफ दि एअर' २०२५ अवार्ड प्रदान गरिएको हो ।




कार्यक्रममा कम्पनीका अध्यक्ष महेन्द्र कृष्ण श्रेष्ठ र निर्देशक विजयकुमार पन्त स्वयं उपस्थित रही अवार्ड ग्रहण गरेका थिए । एसिया प्यासिफिक क्षेत्रमै अत्यन्त सम्मानित मानिने यी अवार्डहरू प्राप्त गर्दा नेपाली बीमा व्यवसायको सेवा, नवप्रवर्तनशीलता र रणनीतिक नेतृत्व क्षमताले अन्तर्राष्ट्रिय मान्यता पाएको हो ।

हिमालयन एभरेष्ट इन्स्योरेन्सले यसअघि पनि सन् २०२३ मा 'इन्स्योरेन्स एशिया अवार्ड' र सन् २०२४ मा 'डोमेस्टिक जनरल इन्स्योरेर अफ दि एअर' तथा 'स्ट्राटेजिक पार्टनरसिप अफ दि एअर' अवार्डहरू जित्दै आएको छ ।

नवीन रणनीति, उत्कृष्ट सेवा प्रवाह र ग्राहकमैत्री दृष्टिकोणका कारण कम्पनीले निरन्तर प्रशंसा बटुल्दै आएको छ। यस वर्ष प्राप्त अवार्डहरूले कम्पनीको व्यवसायिक प्रतिबद्धता र नवप्रवर्तनशीलतालाई अझ सशक्त बनाएको अध्यक्ष श्रेष्ठले बताए। निर्देशक पन्तले अन्तर्राष्ट्रिय स्तरमा नेपाली कम्पनीको सम्मानले आगामी दिनमा अझ जिम्मेवार र प्रभावकारी ढंगले सेवा प्रवाह गर्न प्रेरणा दिएको बताए ।

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह मिडिया प्रा. लि.** मार्फत मध्यान्ह राष्ट्रिय दैनिकलगायत विभिन्न पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेकोले यही मिति **२०८२ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस प्रा. लि.को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने समेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा. लि.**
**गोगंबु, काठमाडौं**
**Email: ad.madhyanha@gmail.com**

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुको विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेकोले यही मिति **२०८२ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**